annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९५, पृष्ठ ८ | काठमाडौं, सोमबार १८ साउन २०८३ | श्रावण कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४६ | MONDAY, AUGUST 3, 2026 | मूल्य : रु. १०

अन्नपूर्ण डायलग

मधेसमा गोली होइन, हार्दिकता

मधेस फेरि किन अशान्त बन्यो ? अन्नपूर्ण पोस्ट्ले (डायलगको दोस्रो शृंखला) मा आइतबार सरोकारवालाहरूसँग यस विषयमा छलफल गऱ्यो। सरोकारवालाहरूको भनाइ थियो- मधेसमा देखिएको अशान्ति विशुद्ध साम्प्रदायिक द्वन्द्व होइन, यो त राजनीतिक स्वार्थ, अतिवाद र राज्यको चरम बेवास्ताले सल्काएको कृत्रिम डढेलो हो। त्यसैकारण गोली र दमनले नभई मानवीयता र हार्दिकताका आधारमा मधेसको समस्या समाधान गर्नुपर्ने उनीहरूको सुझाव थियो।

विस्तृत पृष्ठ २



रक्षा बम जेन-जी अभियन्ता	माजिद अन्सारी जेन-जी अभियन्ता	मोहना अन्सारी अधिकारकर्मी	धीरेन्द्र प्रेमर्षि संस्कृतिविद्	लक्ष्मणलाल कर्ण संविधानविद्	डा. विजय मिश्र नागरिक अगुवा	मोनिका निरौला जेन-जी अभियन्ता
धर्म राम्ररी मान्ने मान्छेले दंगा गर्दै गर्दैन	१० वर्षसम्म मधेसमा 'हेट स्पिच'लाई प्रश्रय दिइयो	मधेसमा फोर्सले हुँदैन, मानवीय सक्रियता बढाएर समाधान खोज्नुपर्छ	सरकार मधेसमा मट्टितेल छर्कन्छ, सलाई सजिलै भेटिन्छ	मधेसलाई बुझ्नुपर्छ, त्यहाँका मान्छे हाम्रै हुन भन्नुपर्छ	आन्दोलनसँगै जनमत संग्रहको माग भइरहेको छ	सरकारले मधेसमा सुरक्षा निकायको रूपान्तरण गर्नुपर्थ्यो

फुट रोक्न युवा नेताको 'कांग्रेस जोड्ने अभियान'

काठमाडौं (अन्नपूर्ण) : कांग्रेसमा विभाजनको जोखिम बढिरहेका बेला पार्टीका केही युवा नेताले 'देश र कांग्रेस जोड्ने अभियान' घोषणा गरेका छन्। नेविसंघका पूर्वअध्यक्ष तथा कांग्रेसका निवर्तमान केन्द्रीय सदस्य नैनसिंह महर, राष्ट्रियसभा सदस्य रञ्जित कर्णलगायतका नेताहरूको अगुवाइमा अभियान सुरु गरिएको हो। अभियानले आइतबार पत्रकार सम्मेलन गरी साउन २० गते काठमाडौंमा 'राष्ट्रिय एकता भेला' बोलाइएको जानकारी गराएको छ। भेलामा देशभरका ७ सय ५३ पालिका, ३ सय ३० प्रदेशसभा निर्वाचन क्षेत्र र १ सय ६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रसहित विभिन्न तह, वर्ग र समुदायबाट प्रतिनिधित्व सुनिश्चित गरिने नेताहरूले बताएका छन्।

पत्रकार सम्मेलनमा महरले कांग्रेसका अधिकांश कार्यकर्ता पार्टी विभाजनको पक्षमा नरहेको दाबी गर्दै नेतृत्वलाई सहमतिमा पुग्न दबाब दिन अभियान सुरु गरिएको जनाए। 'देशले नै कांग्रेसको भरोसा खोजिरहेको बेला पार्टी विभाजन रोक्न दबाब दिन्छौं,' महरले भने, 'साउन २० मा दुवै पक्षलाई एकै ठाउँमा राखेर छलफल गर्ने प्रयास गर्छौं।'

पार्टी सभापति गगन थापाले व्यक्तिगत अहमता त्यागेर सहमतिका लागि अग्रसर हुनुपर्ने र संस्थापनइतर पक्षले पनि क्रियाशील सदस्यता अद्यावधिकको विषयलाई विवादको आधार बनाउन नहुने महरले बताए।

राष्ट्रियसभा सदस्य कर्णले पनि पार्टी विभाजन रोक्न देशभरका कांग्रेस कार्यकर्ताले नेतृत्वमाथि दबाब सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याए। अभियानको तर्फबाट पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा कांग्रेसको एकतालाई केवल पार्टीगत विषय नभई लोकतन्त्र र राष्ट्रिय स्थायित्वसँग जोडिएको विषयका रूपमा व्याख्या गरिएको छ।

विज्ञप्तिमा भनिएको छ, 'जब नेपाली कांग्रेस कमजोर हुन्छ, लोकतन्त्र कमजोर हुन्छ। जब कांग्रेस विभाजित हुन्छ, लोकतान्त्रिक शक्तिहरू र राष्ट्रिय हितमाथि प्रतिगामी शक्तिहरू हाबी हुने वातावरण बन्छ। त्यसैले कांग्रेसको एकता राष्ट्रिय दायित्व हो।'

हाल देश साम्प्रदायिक तनाव, आर्थिक मन्दी, बेरोजगारी, युवा पलायन, सुशासन संकट र जनजीविकाका समस्याबाट गुज्रिरहेको उल्लेख गर्दै यस्तो बेला प्रमुख प्रतिपक्ष दल आफ्नै आन्तरिक विवादमा अल्झिनु लोकतन्त्रका लागिसमेत चिन्ताजनक भएको अभियानको निष्कर्ष निकालेको छ।

खेतसँगै किसानका मनमा पनि धाँजा

जे पाण्डे | *नेपालगन्ज*

बाँकेको जानकी गाउँपालिका करमोहनाकी गीता पासी धाँजा फाटेको खेतमा उभिँदा मन पनि चिरिएको जमिनजस्तै भएको बताउँछिन्। पानीको अभावका बीच सुक्खा खेतमा डल्ला पल्टाउँदै उनले कुनै आशा नमारी धान रोपेकी थिइन्। तर, आज त्यही खेत चिराचिरा परेको छ। धानका बोटहरू सुक्दै गएका छन्। मनले पनि त्यत्तिकै गहिरो पीडाबोध गरेको छ।

'त्यो बेला सुक्खा खेतमा धान रोप्दा हातका यी औला चिराचिरा परेका थिए। अहिले त खेतसँगै मेरो मन पनि धाँजा फाटेजस्तै भएको छ' गीता निराश हुँदै भन्छिन्, 'रोपेको धान आँखै अगाडि सुकिरहेको छ। खेतमा धुलो उड्लाजस्तो भएको छ। अब त भगवान्को पनि भरोसा लाग्न छाड्यो। गरिबलाई चारैतिरबाट दुःख नै दुःख आइपर्ने रहेछ। हामीलाई दैवले पनि कति हेर्ला गरेको होला!'

विपन्न वर्गकी गीताको पीडा उनको मात्रै होइन। बाँकेको बन्जारे गाउँका किसान दशरथ नाउको पनि अवस्था उस्तै छ। खेतमा सिँचाइ गर्ने उपाय नहुँदा उनी पनि निराश छन्। मोटरले पानी तान्न आर्थिक अवस्था छैन। पैसा जुटे पनि खेतनजिक कतै पानी छैन। त्यसैले विकल्पविहीन बनेका छन्।



'बोरिङको पानी खेतसम्म ल्याउन एक किलोमिटरभन्दा लामो पाइप चाहिन्छ। त्यो पनि हामीसँग छैन' दशरथ भन्छन्, 'चारैतिरबाट मारमा परेका छौं। खेतको धान सुकेर खरजस्तो हुँदै गएको छ। अब के गर्ने भन्ने नै थाहा छैन।'

बोरिङ र सिँचाइ सुविधा भएका किसानका खेतमा हरियालीले ढाकिएको छ। तर आकाशेपानीको भरमा धान रोपेका अधिकांश किसानका खेत पहेँलिँदै गएका छन्। सिँचाइको अभावले हरियो भविष्यको सपना बोकेका किसानका आँखामा अहिले निराशा, चिन्ता र पीडाका आँसुमात्रै बाँकी छन्।

'खेतमा पानी छैन। घरमा खेती गर्ने युवा छैनन्। मजदुर खोज्दा पनि भेटिँदैन। सबैलाई आआफ्नै जीविकाको चटारो छ,' किसान जगमोहन गडरिया भन्छन्, 'जेनतेन एक्लैले रोपेको धान पनि अब आँखै अगाडि सुक्दै मर्न थालेको छ। महिनौंको पसिना यसरी खेतमै खरानी बनेको देख्दा मन कसरी नरोओस् ?' उनको पीडा त्यत्तिमै सीमित छैन। 'अझै हरियो देखिएका धानमा मल हाल्न पाएका छैनौं। मल नपाएर रोपो ओइलाउँदै गएको छ। सरकारले हाम्रो आवाज सुनेन। भारतबाट मल ल्याउन खोज्दा प्रहरीले खोसिदिन्छ। अब खेतको धान बचाउने कि परिवारको पेट पाल्ने ? यही चिन्ताले रातभर निद्रा लाग्दैन।'

कोदो रोपेझैं धान रोप्दै गरेकी बाँके जानकी गाउँपालिकाकी गीता पासी त्यही खेत पनि सुकेर धान मर्न थालेपछि चिन्तित भएकी छिन्।
● जे पाण्डे

सिंहदरबारबाट हेर्दा यी खेतहरू नक्साको एउटा कुनामात्र होलान्। तर, यही माटोमा हजारौं परिवारको जीवन गाँसिएको छ। धाँजा फाटेका खेतका गरासम्म राज्यको उपस्थिति न मलका रूपमा पुगेको छ, न सिँचाइका रूपमा, न किसानको पीडा सुन्ने संवेदनाका रूपमा।

गडरियाको स्वरमा राज्यप्रतिको गुनासोमात्र होइन, बाँच्नुपर्ने बाध्यताको वेदना पनि मिसिएको छ। 'पूर्वीमधेसमा गरिबहरू आज पनि अभाव र असुरक्षाबीच बाँचिरहेका छन्। उता साम्प्रदायिकताको आगोले बस्तीहरू जलायो, यता भोकको आगोले हाम्रो जीवन डढाइरहेको छ। हामीलाई आखिर कसले बचाउने ? कसरी बाँच्ने हामी ? ' उनी प्रश्न गर्छन्।

'जगमोहन गडरिया त एउटा उदाहरणमात्र हुन्। सिँचाइ सुविधाबाट वञ्चित यस भेगका अधिकांश किसानको नियति पनि उस्तै छ। हरियालीले ढाकिनुपर्ने खेतहरू अहिले चर्किएका छन्।

» बाँकी पृष्ठ ५

अमेरिका र इजरायलले इरानमा आक्रमण रोक्ने : ट्रम्प

वासिङटन (एजेन्सी): अमेरिका र इजरायलले महिनौंदेखि चलिरहेको द्वन्द्व अन्त्य गर्ने सम्झौता छिट्टै हुनुपर्ने सर्तसहित इरानमा नयाँ आक्रमण रोक्न सहमति जनाएका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानलाई 'धेरै कडा' प्रहार गर्ने धम्की दिएपछि र ऊर्जा पूर्वाधारसहित नयाँ भारी आक्रमणको विचार गरिरहेको रिपोर्ट आएपछि लडाइँ फेरि बढ्न सक्ने डर बढेको थियो।

साउदी अरबका युवराजसँग कुराकानी गरेपछि र तेहरानले पनि रियाद तथा मध्यस्थकर्ता पाकिस्तान र टर्कीसँग कुरा गरेपछि अमेरिकी नेताको धारणा परिवर्तन भएको देखिन्छ। राष्ट्रपति ट्रम्पले भने, 'अमेरिका 'इरानविरुद्ध लड्न तयार छ र हतियारले सुसज्जित छ। हामीलाई इरान र अन्य मध्य पूर्वी देशहरूले कुनै पनि आक्रमण रोक्न अनुरोध गरेका र मध्यपूर्वको शान्तिका लागि आक्रमण रोक्ने सहमति भएको छ।'

'यस अनुरोधका आधारमा विश्वको भविष्यको हित र सफल तथा समृद्ध इरानको अस्तित्वका लागि मैले आक्रमण रद्द गर्न सहमत भएको छु, तर यसका लागि छिट्टै सम्झौता हुन सक्ने शर्त राखिएको छ,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गर्दै भनेका छन्।

दोस्रो सुरुङमार्गको काम धमाधम

केशरराज क्षेत्री | *बुटवल*

बुटवल पाल्पा सडक खण्डमा निर्माणाधीन अवस्थामा रहेको मुलुकको दोस्रो सिद्धबाबा सुरुङमार्ग सम्झौता अगावै पूरा हुने तयारीमा छ। ६९ प्रतिशत भौतिक प्रगति गरेको सुरुङमार्ग निर्माणको अन्तिम म्याद चैत मसान्तसम्म छ। निर्माणस्थलमा चौबिसै घण्टा काम भइरहेको छ। नागढुंगापछिको यो दोस्रो सडक सुरुङमार्ग हो।

बुटवल-पाल्पा सडक खण्डलाई बर्खाको समयमा धेरैले मृत्युमार्गको रूपमा हेर्ने गरेका छन्। यात्रुहरूले बर्सेनि यही सडकमा ज्यान गुमाएका छन्। चालु आर्थिक वर्षको चैत मसान्तसम्म निर्माण पूरा गर्ने निर्माण कम्पनीसँग सम्झौता भए पनि दर्सै-तिहारलगत्तै सुरुङमार्ग निर्माणको काम पूरा हुने योजना कार्यालयले जनाएको छ। तर, सुरुङमार्ग निर्माणस्थलको क्षेत्रमा अत्यावश्यक सवारीसाधन सञ्चालन गर्नै नमिल्ने गरी सडक अवरुद्ध भएमा सुरुङबाट बाइपास गर्न सकिने योजना कार्यालयले जनाएको छ।

भौतिक प्रगति ६९ प्रतिशत

सिद्धबाबा सुरुङमार्ग योजना कार्यालय बुटवलका अनुसार, सुरुङमार्गको हालसम्म भौतिक प्रगति ६९ दशमलव १० प्रतिशत भएको छ। यो प्रगति २०८३ असार ३२ गतेसम्मको हो। योजना कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर सौम्य आनन्दका अनुसार आगामी चैत मसान्तभित्र निर्माण पूरा गर्ने तयारी भइरहेको छ।



निर्माण सम्पन्नको तयारीमा रहेको सिद्धबाबा सुरुङमार्ग । ● केशरराज क्षेत्री

सम्झौता छ। तर, त्यसअघि नै गाडीहरू नियमित सञ्चालन गर्ने गरी सुरुङमार्ग सञ्चालनमा ल्याउने

'दर्सै-तिहारलगत्तै सञ्चालन गर्ने गरी काम भइरहेको छ', आनन्दले भनिन्, 'सम्झौता चैतसम्म भए पनि हामी त्यसअघि नै सुरुङमार्ग सञ्चालन गर्छौं।' उनका अनुसार आकस्मिक गाडीहरू सडक अवरुद्ध भएर रोकिएमा सुरुङमार्ग हुँदै पठाउन सकिने व्यवस्था रहेको छ। तर, त्यसका लागि बिरामी बोकेको एम्बुलेन्स हुनुपर्ने आनन्दले सुनाइन्। उनका अनुसार सुरुङमार्ग निर्माणस्थलको उत्तर र दक्षिणतर्फ 'कन्ट्रोल रुम' निर्माणाधीन अवस्थामा छन्। दुवै भवनको हालसम्म करिब ५० प्रतिशत काम सम्पन्न भइसकेको छ।

वित्तीय प्रगति ६३ प्रतिशत

योजना कार्यालयका सूचना अधिकारी आनन्दका अनुसार सुरुङमार्गको हालसम्म वित्तीय प्रगति ६३ दशमलव ५५ प्रतिशत पूरा भइसकेको छ। योजनाको कुल लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहित ७ अर्ब ३४ करोड हो। सुरुङमार्गको कुल लम्बाइ कट तथा कभरसहित १ हजार १ सय २६ मिटर हो। त्यसमध्ये मुख्य सुरुङको लम्बाइ १ हजार ८९ मिटर छ।

तीनवटा बाइपास निर्माण गरिएको छ। पहिलो बाइपासको लम्बाइ १ सय ४८ दशमलव ०९५ मिटर, दोस्रोको १ सय ५८ दशमलव ३ सय ७६ मिटर र तेस्रो बाइपासको लम्बाइ १ सय २८ दशमलव ३८१ मिटर छ। यी सबैको भौतिक निर्माणको काम शतप्रतिशत पूरा भइसकेको छ।

» बाँकी पृष्ठ ६

अतिवादको चपेटामा मधेस

विगतमा मधेसमा सद्भाव भाइचाराको थियो । अहिले आमनेपालीको मनै दुख्ने गरी त्यो सामाजिक सद्भाव किन भड्कियो होला ? किन कटुतामा परिणत भयो होला ? राज्य सत्ताले अथवा यो मुलुकको राजधानी काठमाडौंले मधेसलाई किन बुझ्न खोजेन ? मधेस किन सधैं अशान्त बनाइन्छ ? वा, के मधेस आफैं अशान्त बनिरहन्छ ? अहिले मधेसमा जुन किसिमको आन्दोलन भड्किरहेको छ, आगो लागि राखेको छ, यसको पछाडिको कारण अथवा कारकचाहिँ राज्य सत्ताको विभेद हो ? यिनै विषयमा अन्नपूर्णले गरेको मन्थन :



तस्बिर : अभिषेक महर्जन

मधेसलाई बुझ्नुपर्छ, त्यहाँका मान्छे हाम्रै हुन भन्नुपर्छ



लक्ष्मणलाल कर्ण,
संविधानविद्

मधेसलाई सबैले बुझ्नुपर्छ। हाम्रै देश हो, हाम्रै 'टेरिटोरी' हो। त्यहाँका मान्छे हाम्रै मान्छे हुन्, नेपाली हुन्। जुन दिन यो कुरा यति 'मिनिमम' बुझ्दिनु हुन्छ, धेरै कुराको निवारण त्यसैबाट सुरु भइहाल्छ। अहिले सुन्नुभो नागरिकताबारे । मधेसमा जानुस् तपाईंको नागरिकता लिन। यदि मधेसी अनुहार भो भने त ५० किसिमका कुरा गर्छ जिल्ला प्रशासन कार्यालय पनि। त्यसपछि दिन्छ। कति खोजबिन गर्ने त ०६२-६३ को नागरिकता ? नागरिकताको 'हिस्ट्री' धेरै ठूलो छ। उखान के भन्छ भने- 'बेवाय जसको गोडा खुट्टामा आउँदैन त्यसले दुःख बुझ्दैन, बेवायले कति दुःख दिन्छ।' बेवायको सपना मधेसी नेपाली। 'जाके पैर न फटे बेवाई सोका जाने पीर पराई।' तर बुझ्नु पर्छ पिर के रहेछ। हामी कहाँ नागरिकता जन्मसिद्ध लिया छ भने उसको छोराछोरीले वंशज पाउन धेरै गाह्रो थियो।

यो सम्पूर्ण तथ्य अहिले मन्थन गरिराख्या छौं। समुद्र मन्थन पनि समुद्रमा गएर गरियो, कुनै पर्वतमा चढेर गरिएन। यो मन्थन गर्नुपर्थ्यो हामीले मधेसमा गएर। अनि मन्थन थाहा हुन्छ। काठमाडौंमा मन्थन गर्छौं के थाहा मधेसीलाई के गर्नु भो ? अमृत निकाल्नु भो कि काली झरै झर निकाल्नु भो ? थाहै हुन्न।

मधेस घटना भएयता प्रधानमन्त्रीलाई दुई चोटी कोसिस गरेँ भेट्न, व्यक्तिगत, पार्टीगत त भएको छैन। संविधान संशोधनको कुरामा उहाँले प्रतिनिधि माग्नुभयो, पार्टीले मलाई पठायो। त्यहाँ शीर्षक नै 'संविधान संशोधन बहसपत्र तयार गर्ने' रहेछ। उहाँहरूलाई पटक-पटक भनेँ, 'संविधान संशोधन अलग प्रसंग, बहसपत्र भन्या त अलग प्रसंग। तपाईंहरूले संशोधन गर्न खोज्या हो वा बहस गर्न ? बताइदिनुस् कि यसलाई सबै हटाइदिनुस्। अरू कसैले सच्याएर त हुँदैन। हामीलाई एकचोटी भेट गराइदिनुस् प्रधानमन्त्रीसँग। प्रधानमन्त्रीको चिफ एडभाइजरले दुई दिनको समय पनि लिनुभयो। हाम्रो भेट त छोड्दिनुस् कहाँ हो कहाँ, उहाँले भन्नुभयो, अब तपाईंहरूलाई सहमति-असहमति जनाउनुस्।' त्यसपछि यो घटना भयो, त्यसमा पनि हामीले वक्तव्य निकाल्यौं। भन्यौं, 'इमिडिएट प्रधानमन्त्रीले वक्तव्य दिनुपर्छ र एकचोटी मधेसी नेताहरूलाई बोलाएर कुरा गर्नुपर्छ।' अब त्यो कुरा सायद रविजीले बोलाएर गर्नुभयो र रविजीको प्रयासबाट मधेसी नेताहरू पनि गए। खुसी भएरै आएको देखेँ टेलिभिजनमा। रमाइलो लाग्यो।'

सजिलो रहेछ जहाँ देशको राजनीति हैन, एकचोटी प्रधानमन्त्रीसँग भेट्दा यति खुसी भए कि मधेसका नेताहरू। त्यो भेटघाट गरेरै पुग्ने बाटोमा रहेछ। अस्ति एक नेतालाई पार्टीमा यसै के भन्या थियौं भने, जनतालै त मधेसीको छोरा भनिकन भोट दियो। तपाईंहरूलाई पनि जतातै हेर्छु, मधेसीको छोरा पहिलोपटक भएको छ भन्दै। तपाईंहरूको कुकर्म गन्ती गर्नुहुन्न। अनि अहिले बालेन शाहको जिउमा टाउको राखेर रोएर हुन्छ ? आफू सम्झिनुस् कहाँ के हो ? बालेनबारे त समयले बताउला, मधेसीको छोरा हो कि कसको छोरा ? एकचोटी भोट पाउँदैमा सबै कुरा पायौं भन्ने त होइन नि! मधेसे घटना हेर्दाखेरि धेरै कमजोरी देख्या छु। अहिले मधेसको छोराले गर्नुपर्ने काम गर्नुभएन प्रधानमन्त्रीको कुर्सीमा बसेर। तर, के छ भने अझ धेरै समय बाँकी छ। ६ दिनपछि बोल्नुभयो।

मधेसको समृद्धि कसरी प्राप्त हुन्छ भन्ने पनि खोज्नु पर्‍यो नि! कुरो गरेर मात्र हुन्छ ? मधेसमै अन्नको भण्डार छ। अब अहिले हेर्ने हो भने कसैको एक बिगाहा जग्गा होला भने १० ठाउँमा छ। एक कट्ठा यहाँ, डेढ कट्ठा त्यहाँ, एक धुर यहाँ। त्यस्तोमा खेती हुन्छ ? यान्त्रिक प्रयोग हुन सक्छ ? एक कट्ठा जमिन भएको गरिबकोमा अहिले धनीको छोरो ट्र्याक्टर जोत्न जान्छ र त्यही धनीका छोराले जोतिदिएको घण्टा, ट्र्याक्टरको घण्टे ज्याला लिएर फर्किन्छ। त्यो गरिब त फेरि पनि गरिबै रह्यो नि त, ट्र्याक्टर किन्न उसले अझै पनि सकेको छैन। धेसमा समृद्धि आउँछ, मधेसमा आएन भने पहाडमा कसरी आउँछ ?

१० वर्षसम्म मधेसमा 'हेट स्पिच'लाई प्रश्रय दिइयो



माजिद अन्सारी
जेन-जी अभियन्ता

साम्प्रदायिक घटना पूर्वीमधेसमा विगतमा खासै देखिनँ, सुनिनँ। तर, नगन्य संख्यामा हिन्दु-मुस्लिम पोलराइजेसन हुन्थ्यो। कारण भनेको पारिवारिक वा साथीभाइको सम्बन्ध। जुन कुटपिट वा झगडामा सीमित हुन्थ्यो, घृणामा बदलिँदैनथियो। तर, अहिलेको मधेस घटना पूरै घृणामा केन्द्रित भएको छ। राज्यले 'डेलिबरेटली' १० वर्षसम्म मधेसमा 'हेट स्पिच'लाई 'नर्मलाइज' हुन दियो।

हरेक घटनामा सिडिओ सा'बले संलग्नहरूलाई बोलाउनुहुन्छ, अनि सबैलाई 'ल ठीक छ, हात मिलाऊ' भनेर घर पठाइदिनुहुन्थ्यो। मधेसमा जुन लेभलको यो 'हेट स्पिच' देखेको छु नि त्यो 'इग्नोर' गर्न लायकको थिएन। हामीले जेन-जी मुभमेन्टमा आन्दोलन गर्न ब्यानर छाप्नु पऱ्यो भने सय-सय रुपैयाँ निकाल्थ्यौं। तर १० वर्षमा खासगरी सिराहा, सप्तरी र धनुषामा केही संस्था 'ज्यापिडली ग्रो' गरेका छन्।

जोसँग खर्च गर्न पर्याप्त पैसा छ, खासगरिकन घृणा फैलाउन। राज्यको ध्यान यसतर्फ कहिले पनि गएन। मिडियाहरूले पनि 'डेलिबरेटली' मधेसका मुद्दाहरूलाई छोडेका छन्। यी विविध विषयमा कहिले इन्भेस्टिगेटिभ जर्नालिज्म गरे त ? मैले देखेको छैन।

सद्भावनाका लागि मेरो संकल्प २०७२ को संविधान हो। जसमा लेखेको अक्षर अक्षरले नेपाललाई सुन्दर बनाउँछ, मधेसलाई पनि। त्यसका लागि धारा १७ को उपधारा १ को खण्ड 'घ'ले संघसंस्था खोल्ने स्वतन्त्रता दिन्छ। तर 'घ'कै स्पष्टीकरणमा प्रतिबन्धात्मक वाक्यांशले भन्छ- संघीय एकाइबीच सुसम्बन्धमा खलल पार्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जातजाति धर्म र सम्प्रदायबीच सुसम्बन्धमा खलल पार्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकता प्रतिकूल हुने कार्य गर्ने संगठनलाई प्रतिबन्ध लगाउन कानुन बनाउन सकिनेछ। गृहमन्त्री सुदन गुरुङज्यूलाई यो संविधानले जुन संगठनलाई प्रतिबन्ध लगा भनेर भनिराछ, त्यो संगठनसँग गएर उहाँ वार्ता गरिरहनुभएको छ।

मधेसको यो घटना धार्मिक हिंसा हुनै सक्दैन। धार्मिक हिंसामा त अनुष्ठान हुन्छ, अनुराग हुन्छ। जहाँ धर्म र अधर्म अनि सत्य र असत्यबीच पो लडाइँ हुन्छ। यो त धार्मिक होइन, साम्प्रदायिक हिंसा हो। यसलाई नियन्त्रण गर्न सबैभन्दा अगाडि राज्य आउनुपर्छ, जुन राज्यले १० वर्षसम्म मधेसको 'एल्गोरिदम' नबुझेर मधेसको 'सोसल मिडिया'मा के चलिराछ भन्ने कुरा नबुझेर, मधेसको भूगोलमा के भइराछ भन्ने कुरा नबुझेर।

विश्लेषक सीके लालले प्रधानमन्त्री बालेनलाई 'गैरआवासीय मधेसी' भन्नुहुन्छ। त्यसैले सायद प्रमले मधेसको 'एल्गोरिदम' बुझ्न सक्नुहुन्न। नढाँटिकन नचपाइकन बोल्दाखेरि अहिले माननीयज्यूहरू मधेसमा गएर खुलेर बोल्न सक्ने स्थिति छैन। किनभन्दा मधेसका नेताहरूलाई के भनिरा'छन् भने- 'तोरा हिन्दु भोट देलकौ कि मुसलमान भोट देलकौ।' खुलेआम भइरा'छ यो। १० वर्षमा मन फाटेको छ मधेसका जनताको। साथीबीच दूरी बढेको छ। संवाद बन्द भएको छ। भनौं भने संवादहीनताको स्थिति छ। फेरि पनि यसलाई संवाद र सहकार्यले नै अन्त्य गर्छ। त्यसका लागि मधेसका नेताजीहरू र जनताबीच अब चिया गफ सुरु हुनु पर्छ। संवादबाटै फाटेका मन सिउनु पर्छ। यस्ता संस्थाहरूलाई संविधानले भनेअनुसार प्रतिबन्ध लगाउनु पर्छ।

प्रस्तुति : गोपीकृष्ण ढुंगाना

सरकार मधेसमा मट्टितेल छर्कन्छ, सलाई सजिलै भेटिन्छ



धीरेन्द्र प्रेमर्षि,
संस्कृतिविद्

हिजोका दिनदेखि नारा चाहिँ छैन- एक भाषा एक भेष आदि इत्यादि। तर, मनमस्तिष्कमा चाहिँ त्यो छँदैछ। जसका लागि हिजोको दिनमा जे जस्ता क्रियाकलाप गरिराखिएका थिए, त्यसले गर्दा वास्तवमा तराई मधेस वा देशका अन्य क्षेत्रमा जुन स्वाभाविक शाश्वत प्रकृतिका सौन्दर्यहरू छन्, विचारहरू छन्, सिर्जनाहरू छन्, तिनलाई या त हेला गरियो या दबाउने प्रयास गरियो। त्यसैले त्यहाँ झारपातहरू उम्रेका हुन्। यदि मूल बालीलाई ध्यान दिइएन भने जुनसुकै माटोमा पनि झारपात बढ्छन् र झारपात बढेपछिको परिणामचाहिँ यस्तै हुन्छ। ६० सालतिरै लेख्या थिएँ, 'धर्ती पर छिट रहल अइछ मटिया तेल उया, हम खरबइ सलाई आइग लाइग जेतै भैया।' त यो विभिन्न माध्यमबाट विभिन्न बहानामा मट्टितेल छर्ने काम सरकारबाटै भएको छ। यति बारुद बिछ्याइएको छ मधेसमा कि भनिसाध्ये छैन। सलाई त सजिलै पाइन्छ। मधेसमा मान्छे पनि बढी छन्, त्यो विविधता पनि बढी छ अनि आक्रोश पनि बढी छ। त्यसैले विद्रोहको आगो सल्किने सम्भावना पनि बढी नै हुन्छ।

राजनीतिक सन्दर्भमा दुई तीन कुरा। जतिखेर मधेस आन्दोलन भएको थियो, पहिलो चोटी उठ्दा त्योचाहिँ एकदमै शाश्वत प्रकृतिको थियो। त्यतिखेरै लेख्या थिएँ, लोकतन्त्र आउनुपर्छ, भनाइ होइन गराईमा। यति मात्र के भन्या थिएँ आगो बल्यो तराईमा। कुरो त त्यत्ति थियो तर त्यसलाई थिच्ने नाउँमा, दबाउने नाउँमा एक किसिमको गजबको लहर चल्यो- ए तिमीहरू त कहाँ मधेसी ? तिमीहरू त थारु, तिमीहरू त मुस्लिम भनियो र जुन आपसी मेलमिलाप थियो, त्यसलाई प्रयत्नपूर्वक छुट्ट्याउने काम गरियो। विविध यस्ता कुराले जसरी प्रश्रय पाउँदै गयो, त्यसले आपसमा जोडिएका तन्तुहरूको आत्मीयतालाई कमजोर पाऱ्यो। र, त्यो कमजोर भएपछिको यो परिणति हो। मधेस संवादमा हिँडिरहेको थिएँ। विराटनगर हो कि कहाँ, एक नेपालीभाषी हुनुहुन्थ्यो, उहाँलाई मधेसको संस्कृतिसँग खासै सरोकार भएजस्तो लागेन।

'होइन, म पनि यहीँ जन्मेको, यो मधेस हो, म मधेसी भएँ कि भइनँ ?' मैले भने, 'साफ कुरा मधेसी भनेको त्यो हो, जसलाई धोती गाँठेभन्दा चसक्क छाती दुख्छ नि!, त्यो हो मधेसी।' तपाईंलाई त्यो पीडा हुन्छ कि हुँदैन ? मधेसमा बारुदचाहिँ ओछ्याइएको ओछ्याइएकै छ, त्यो छँदैछ। केही कारण र कारकबाट पड्किन सक्छ। त्यो बारुद मैले उखेल्न सक्दिनँ।

आन्दोलनसँगै जनमत संग्रहको माग भइरहेको छ



डा. विजय मिश्र,
नागरिक अगुवा

मधेसलाई राजनीतिक शक्तिले अधिकार नदिँदा मधेस विद्रोह भयो। त्यतिखेर डाक्टरले उपचार गर्दा कहीँ पिलो छ भने टेप मात्रै लगाउँथे। वार्ता गर्ने समिति बनाउने अनि 'एग्रिमेन्ट' गर्ने तर अपरेसन गरेर निकाल्ने कामचाहिँ कहिल्यै र कसैले पनि गरेनन्। सरकार र सत्तामा जाने कुरामा केन्द्रित हुन्छन् मधेसका मानिस। नेपालमा राजसंस्था हटाउन मधेसी मुलको पनि ठूलो भूमिका रह्यो।

तर, अहिलेको आन्दोलनचाहिँ फेरि ठ्याक्कै उल्टो छ। त्यो राजसंस्था नचाहने शक्तिभन्दा पनि त्यही धार्मिक संगठनहरू छन्, उनीहरू सुरुमा हिन्दु राष्ट्र त्यसपछि राजसंस्था 'प्यारालल' रूपमा लिएर आउने हो कि ? भन्ने एंगलबाट भएको देखिरहेछु आन्दोलनलाई।

सामाजिक सद्भाव खल्बल्याउने यो धार्मिक आन्दोलनभित्र राजसंस्थाको राजनीति घुसेको छ। झट्ट बाहिरबाट हेर्दा देखिँदैन तर राजसंस्थाको पक्षमा अथवा राजाको मधेसमा सवारी हुँदाखेरिको अवस्थामा जसले हर्ताकर्ता भएर त्यहाँ कामहरू गरेका हुन्थे। उनीहरू अलिकति बढी सक्रिय भएको देखिसकेपछि सोसियल मिडियाहरूमा पनि उनीहरूले त्यो देखेर त्यस्तै गतिविधि गरेका छन्। दुई वर्ष अगाडि हिन्दु सम्राट सेनाको विज्ञप्ति लिएर विश्वेन्द्र पासवानजी आउनुभयो, मन्त्री भइसकेको व्यक्ति।

त्यो विज्ञप्ति मलाई देखाएर भन्नुभयो, 'हेर्नुस् त यसमा त मुस्लिम र दलितलाई त लखेट्नुपर्छ नेपालबाट भनेर लेखेको छ। यस्तो गर्न पाउँछन् राजाका समर्थकहरूले ?' त्यो विज्ञप्ति मसँग घरमा छ। अहिले फेरि त्यही वार्ता उहीसँग कुरा गरेर ३ महिनाभित्र हिन्दु राष्ट्रका लागि राजनीतिक बहस चलाउने भनेर 'एग्रिमेन्ट' भएको आयो। त्यो 'एग्रिमेन्ट' ९० दिन भनेर उनीहरूले फेसबुकमा हाल्न थालिसके अब काउन्ट काउन्ट गर्छन्। अब 'यो गर' भनेर धार्मिक संगठनले त्यहाँ जुलुस निकाल्ने काम सुरु हुन्छ।

अहिले सेना गएर मधेसमा असफल भयो भन्ने जुन संकेत आइराछ, यो त 'डेन्जर' हो नि! नेपालमा सेनालाई असफल पार्ने षड्यन्त्र हुँदैछ पहिलेदेखि नै। सुदर्शन चक्र नै सम्बन्धित ठाउँमा उत्रेपछि त असफल हुने सम्भावना भयो। सुदर्शन चक्र कहाँ प्रयोग गर्ने भन्ने कुरा आउँछ। त्यो प्रयोग कति ज्यान गएपछि प्रयोग गर्ने त ? तीनवटा ज्यान गइसक्यो। साँच्चिकै नेपालका समस्या वा मधेसका समस्या साँच्चिकै अप्रेसन गरेर सधैंका लागि निको बनाउने हो भने दुई-तीन सवालमा जनमत संग्रह गराएर टुंगोमा पुग्नुपर्छ।

मधेसमा फोर्स लगाएर हुँदैन, मानवीय सक्रियता बढाउनुपर्छ



मोहना अन्सारी,
अधिकारकर्मी

धेरैपटक आन्दोलनहरू भए र ती आन्दोलनहरूले धेरै प्रगति पनि गरे। तीन, चारवटा कुरामा मात्रै राख्न चाहेँ। पहिलो, हामी सत्यमा आधारित भएनौं। सत्यता गुमाउँदै छौं जस्तो लागिराखेको छ। सुनसरीको घटना मिहिन ढंगले केलाएँ र यो पाएँ। सुनसरी घटनामा सुरक्षाकर्मी र बोलबमको विवाद हो। त्यसको 'क्रक्स' चाहिँ के छभन्दा सुरक्षाकर्मी र बोल बम जो कावरिया हुनुहुन्छ, उहाँहरू पानी लिन जाँदा नाच्दै गाउँदै हिँड्दा विवाद भयो। यसरी सिर्जित विषय कसरी हिन्दु-मुस्लिम भयो ? एकदम गम्भीर प्रश्न। त्यहाँ सुरक्षाको उपस्थिति थिएन ? पालिका सरकार कहाँ थियो ? किन यो 'टर्न' भयो हिन्दु-मुस्लिममा ? मोहर्रम होस् चाहे दुर्गा पूजा, वा जुनसुकै परिवेश- त्यो बेलामा मात्र किन घट्छन्, यस्ता घट्ना ? विभिन्न आन्दोलनबाट राजनीतिक परिवर्तनहरू त भए तर त्यसले मधेसकै समस्या सम्बोधन गर्दैन। अहिले फेरि यो जतातिर मोडिँदै छ, सायद त्यो बेरोजगारी होला, अशिक्षा होला वा विभिन्न अवसरका कुराहरू होलान्। तर, त्यो कुरा गौड छ। धार्मिक पाटोचाहिँ एकदम गहिरोसँग अगाडि आइराखेको छ।

तर, सरकार जहिले पनि मान्छे मर्दै गर्दा संवेदनहीन भइदिन्छ। सुनसरीदेखि लहानसम्म तीनजना नागरिक मरिसके। मिडियादेखि व्यक्तिसम्मले सद्भावको आह्वान गर्नुपऱ्यो तर राज्यसत्ता बेखबर। उसलाई पाँच, छ दिन लाग्यो यसबारे बोल्न। संघीय सरकार भनेको प्रदेशहरूबाट 'डिट्याच' होइन। मधेसमा अहिले जे भइरहेको छ, त्यसमा आँखा चिम्लिन मिल्दैन र फोर्स लगाएर यो नियन्त्रण हुँदैन। भइहाले पनि 'लङ टर्म इम्प्याक्ट'मा जान्छ। दुरगामी त्यसको असर छोड्छ नै। सरकार, के फोर्स मात्रै हाम्रो उपचार हो ? बुलेट मात्रै हाम्रो उपचार हो ? होइन। यसलाई राज्य उदासीन मात्रै होइन, राज्यले नागरिकको अवहेलना नै गऱ्यो। अब मेरो संकल्प एउटै छ, सर्वधर्ममा विश्वास राख्ने। हामी मानव हौं त्यसैले पहिला मानव भएर आफूलाई हेरौं, त्यसपछि धर्मको कुरा गरौंला। जबसम्म सर्वधर्ममा विश्वास गर्दैनौं, तबसम्म हामी माथि उठ्न सक्दैनौं।

सरकारले सर्वप्रथम सुरक्षा निकायहरूको रूपान्तरण गर्नुपर्थ्यो



मोनिका निरौला,
जेन-जी अभियन्ता

देश र सरकार जेन-जी आन्दोलनपछि एउटा संवैधानिक ट्र्याकमा पुनः फर्किएको छ। तर, यो सरकारले सबैभन्दा पहिलो काम भनेको सुरक्षा निकायहरूको रूपान्तरण गर्नुपर्थ्यो। किनभने पटक-पटक देख्दै आएका छौं कि नागरिक र अझ मधेसमा- गोली चलाउन प्रहरीको हात ट्रिगरमा सधैं रहन्छ। दुईजना मान्छे सडकमा आउँदा पनि प्रहरीले गोली चलाएर हत्या गर्ने गरेको सत्य पटक-पटक भइराख्छ। र, यसपटक पनि सायद त्यही भयो होला। अहिलेसम्म पनि गोली कसले चलाएको हो भन्न सकेको छैन।

र, त्यसकारणले अतिवादी समूहहरूले हिन्दु नरसंहार भयो भन्ने जस्ता शब्दहरूको प्रयोग गरिराखेका छन्। अर्को, यसलाई धार्मिक द्वन्द्व भन्ने शब्द पनि अलि गलत दृष्टिकोण हो जस्तो लाग्छ। किनभने धार्मिक द्वन्द्वमा दुइटा समूहको आवश्यकता पर्छ। यहाँ त दुइटा समूह मैले देखेको छैन। यहाँ एउटा समूह छ र त्यो फरक-फरक समूहको एउटा मोर्चा होला सायद। तर, यो अतिवादी समूहहरूको मोर्चाद्वारा फैलाइएको अतिवादी 'न्यारेटिभ' हो, दृष्टिकोण हो, द्वन्द्व हो। यसले चाहिँ चपेटामा अल्पसंख्यक समूहलाई त्रास, हिंसाको चपेटामा पारिरहेको छ। धार्मिक अतिवादी समूहहरूसँग सरकारले वार्ता गर्नुपर्ने हो या प्रतिबन्ध लगाउनुपर्ने हो ? किनभने धर्मको नाममा हिंसा फैलाउन पाइँदैन, यो त गैरकानुनी हो। धार्मिक अतिवादी समूहहरूसँग वार्ता गरेर तिमीहरूको माग म मान्छु र हरेक ०६२-६३ पछि बाँडेको नागरिकतालाई चाहिँ छानबिन गर्छु भन्नेसम्मका मागहरू सुन्नु भनेको चाहिँ यो सरकारको धेरै ठुलो गल्ती र कमजोरी हो। यो गर्नु भनेको यस्तो ठूलो भड्खालोमा हाम फाल्नु हो, जुनचाहिँ एउटा देशको गृहमन्त्रीले बसेर यस्तो खालको वार्ताको टेबलमा बस्न पनि शोभा दिँदैन जस्तो लाग्छ। र, योचाहिँ त्यही एउटा क्लजले मात्रै पनि सीमापारीसँग कति निकट सम्बन्ध छ भन्ने देखाउँछ। किनभने इन्डियामा पनि नागरिकताको प्रश्न उठाएरचाहिँ मुस्लिम नागरिकहरूलाई गैरनागरिक करार गर्ने काम केही समयदेखि भइराखेको छ। उहाँहरूको 'भोटिङ राइट्स' छिन्ने काम भइराखेको छ।

धर्म राम्ररी मान्ने मान्छेले दंगा गर्दै गर्दैन



रक्षा बम
जेन-जी अभियन्ता

सुनसरी घटना जेन-जी आन्दोलनको प्रभाव हो जस्तो लाग्दैन किनभने यसको प्रकृति अलिकति फरक छ। सुरुमा दुइटा ग्रुपबीचको झडप हैन, राज्य र नागरिकबीचको झडपमा चाहिँ गोली चल्यो। त्यसपछि जनता आन्दोलित भए, राज्यसँग आफ्नो अधिकारका लागि वार्ता गरौं भनेर आन्दोलित भए। त्यसपछि विभिन्न किसिमका 'फ्याक्टर'ले त्यसमा खेलेका छन्, जो समाजमा अगाडिदेखि नै थिए। हाम्रो समाजमा व्याप्त नै थिए त्यस्ता किसिमका कुराहरू। त्यही भएर त्यहाँचाहिँ प्रभाव पारे। त्यसपछि त्यो आगो जसरी सल्केर मधेसका विभिन्न जिल्लामा पुगेको हो। त्यसैले मलाई लाग्दैन कि यो आन्दोलनको प्रभाव हो। भन्नु पर्छ कि पर्दैन, यो छिमेकी देशको प्रभाव पनि हुनसक्छ। हामीले सुनेको सूचनामा त अब यो 'ब्लन्टली' भन्दाखेरी अब छिमेकी देशकै संस्थाहरूबाट 'फन्डेड' हो। हिन्दु धर्म राम्ररी मान्ने मान्छे मस्जिद अगाडि पुग्दा उसको श्रद्धाले शिर झुक्छ झुक्छ। मुस्लिम धर्म मान्ने मान्छे मन्दिर अगाडि गएपछि दुई हात उठाएर आकाशपट्टी पल्टाएर उसले दुआ पढ्छ नै पढ्छ। त्यही भएर म मान्नै सक्दिनँ कि जो म धर्म मान्छु भन्छ, त्यसले दंगा गर्छ। मात्र धर्म मान्ने मान्छे धार्मिक मान्छे नभनौं, धार्मिक अतिवादी भनौं, जसले दंगा फैलाइरहेको छ। धर्मले कहिले पनि दंगा गर्न सिकाएको होइन।

सरकारले गर्नुपर्ने काम त गरिसक्यो ५ दिन पछाडि। सुनसरीमा घटना भए लगत्तै सरकारले सम्बोधन गरेर प्रधानमन्त्री स्वयं फिल्डमा उत्रिनुपर्ने थियो, गृहमन्त्री स्वयं फिल्डमा जानुपर्ने थियो। नगएर ५ दिनपछि सोसल मिडियामा प्रधानमन्त्रीको सम्बोधन आउँदा हामीले नागरिक गुमायौं। राज्यको सबैभन्दा ठूलो दायित्व के हो ? देशमा नागरिकको जिउधन होइन ? राज्यले प्राथमिकतामा राख्नुपर्ने विषय यो होइन ? राज्यलाई प्रश्न गऱ्या थिएँ- नजानेको हो कि नचाहेको हो ? यो ठूलो प्रश्न छ। ५ दिनपछाडि सम्बोधन गर्नुको कारण के हो ? प्रष्ट देखिन्छ कि नजानेको हुन सक्छ, नचाहेको पनि हुन सक्छ। विश्वमा जता पनि धर्मको नाममा दंगा हुन्छ, धर्मको नाममा राजनीतिले यस्तो अवस्था सिर्जना गर्छ भने त्यो देशमा राजनीतिज्ञहरू नै जबाफदेही र जिम्मेवार हुनुपर्ने हुन्छ। राजनीतिज्ञकै अक्षमताको कारणले यो स्थिति सिर्जना भएको हो समाजमा। मधेस सम्भावना नै सम्भावना भएको ठाउँ हो। यो विकास पनि मधेस भएर काठमाडौं पुग्छ भन्छन्। अब चाहिँ बल्ल बल्ल प्रधानमन्त्रीले त्यो कालो चस्मा खोल्नु भा'छ अब सायद उहाँले देख्नु हुन्छ होला।

अन्नपूर्ण डायलग

प्रहरीको गोलीपछि खुल्यो ‘कर्मा ग्याङ’को लुट साम्राज्य

‘बाटो कता हो ?’ भन्दै रोके, लडाए अनि सुनको सिक्री लुटे

अन्नपूर्ण | *काठमाडौं*

गत असार १३ गते काठमाडौंको शान्तिनगरमा बाटोमा हिँडिरहेकी एक महिलालाई मोटरसाइकलमा आएका दुई जनाले बाटो रोके। ‘पेप्सीकोला जाने बाटो कता हो ?’ भन्दै अल्मल्याए। त्यसपछि उनलाई बाटोमै लडाएर घाँटीमा लगाएको करिब साढे दुई तोलाको सुनको सिक्री लुटेर फरार भए।

●●●

७ साउन दिउँसो करिब साढे १ बजेतिर यही समूहले धापासी हाइट मन्दिरनजिक हिँडिरहेकी ६६ वर्षीया महिलाको घाँटीबाट सुनको सिक्री लुट्यो। मोटरसाइकलमा आएका व्यक्तिहरूले महिलालाई लछारपछार गर्दै सिक्री लुटेर भागेका थिए।

●●●

१५ असार राति बनेपास्थित सेतीदेवी दुग्ध सहकारी गाई फार्मनजिक दूध लिन आएकी एक महिलाको मुख थुनेर, घाँटी समात्दै सिक्री लुटिएको थियो।

सोही १५ असारको बिहानै कायस्थ थरका एक व्यक्ति पनि यही समूहको निशानामा परे। ‘जडिबुटी जाने बाटो कता हो ?’ भन्दै सोध्ने निहुँमा उनीसँग करिब तीन तोला सुनको सिक्री लुटेर समूह फरार भयो।

●●●

पछिल्लो समय काठमाडौं उपत्यकामा वृद्धवृद्धालाई लक्षित गर्दै लुटपाट गर्ने तथा सुनका सिक्री लुटेर फरार हुने घटना उल्लेख्य रूपमा बढेका छन्। कहिले काठमाडौं, कहिले भक्तपुर त कहिले अन्य स्थानबाट उस्तै प्रकृतिका उजुरी आउन थालेपछि प्रहरी चनाखो बनेको थियो।

उस्तै प्रकृतिका लुटपाट तथा चोरीका घटनामा एउटै समूहको संलग्नता हुन सक्ने अनुमान गर्दै प्रहरीले विशेष टोली परिचालन गरेको थियो। यही क्रममा गत शुक्रबार राति



चोरी तथा लुटपाटमा संलग्न समूहका मुख्य नाइके कर्मा तामाङसहित ५ जनालाई पक्राउ गरिएको छ।

कर्मालाई नियन्त्रणमा लिन प्रहरीले एक राउन्ड गोली चलाएको थियो। शुक्रबार राति बूढानीलकण्ठको चुनिखेलमा प्रहरीसँग उनको जम्काभेट भएको थियो। पक्राउ गर्ने क्रममा उनले प्रहरीमाथि धारिलो हतियार प्रहार गरी भाग्न खोजेपछि नियन्त्रणमा लिन प्रहरीले उनको घुँडामुनि गोली चलाएको थियो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख दिलीप घिमिरेका अनुसार पक्राउ पर्नेमा सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-४ घर भएका ३४ वर्षीय समूहका नाइके कर्मा तामाङसहित ५ जना छन्। अन्य पक्राउ पर्नेमा काभ्रेको धुलिखेल नगरपालिका-१० का ३० वर्षीय प्रतिमान गोले, पनौती नगरपालिका-९ का ३० वर्षीय पासाङ घिसिङ, भुम्लु गाउँपालिका-९ का ३६ वर्षीय मनोज तामाङ र कास्कीको सारादकोटका २९ वर्षीय आले गुरुङ छन्।

यो समूहले काठमाडौं उपत्यकामा लुटपाटको आतंक मच्चाउँदै आएको प्रहरीले जनाएको छ। समूहले विशेष गरी सुनका सिक्री तथा कानमा लगाइने रिङ र टपहरू लुट्ने गरेको थियो। प्रहरीसँगको प्रारम्भिक बयानका क्रममा उनीहरूले ४० देखि ५० वटा मोटरसाइकल चोरी गरी बिक्री गरेको स्वीकार गरेका छन्। उनीहरूले मोटरसाइकल चोरी गर्ने, नम्बर प्लेट परिवर्तन गर्ने र त्यही मोटरसाइकल प्रयोग गरी चोरी तथा लुटपाट गर्न निस्कने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता दानबहादुर थापाका अनुसार पक्राउ परेका कर्मा समूहका सबै सदस्यको पृष्ठभूमि आपराधिक रहेको छ।

समूहका नाइके कर्मा तामाङ विभिन्न कसुरमा ९ पटक जेल परिसकेका छन्। प्रहरीको सीआरएस रेकर्डअनुसार उनीविरुद्ध विभिन्न मितिमा विभिन्न प्रहरी कार्यालयमा चोरी तथा डाँकासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको थियो।

३० वर्षीय प्रतिमान गोले लुटपाटका क्रममा मोटरसाइकल चलाउने (राइडर) को भूमिकामा रहेका व्यक्ति हुन्। उनी यसअघि पनि डाँका तथा चोरीको कसुरमा कारागार बसिसकेका छन्।

ललितपुरको नख्खु कारागारमा रहेका बेला उनी जेन-जी आन्दोलनका क्रममा कारागारबाट फरार भएका थिए। पछि उनलाई बनेपाबाट पक्राउ गरिएको थियो र गत जेठमा मात्रै छुटेका थिए। उनीविरुद्ध डाँका तथा चोरीसम्बन्धी दुईपटक मुद्दा चलेको थियो। ४ जेठ २०८२ मा प्रहरी वृत्त महाराजगन्जबाट डाँका तथा चोरीमा मुद्दा दर्ता भएको थियो भने ४ साउन २०८२ मा पनि डाँका तथा चोरीकै कसुरमा अर्को मुद्दा दर्ता भएको थियो।

पासाङघिसिङ लुटपाटका लागि प्रयोग हुने मोटरसाइकल चोरी गर्ने जिम्मेवारीमा थिए। प्रहरीले उनीबाट हालसम्म २० भन्दा बढी मोटरसाइकल चोरी भएको खुलेको जनाएको छ। कास्कीका आले गुरुङ लुटपाटका घटनामा रेकी गर्ने तथा सहयोगीको भूमिका निर्वाह गर्ने गरेका थिए।

काभ्रेका मनोज तामाङ सुन पसले हुन्। बनेपामा बस्दै आएका उनले लुटेर ल्याइएका सुनका गरगहना गलाउने, स्वरूप परिवर्तन गर्ने र बिक्री-वितरण गर्ने गरेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार यो समूहले उपत्यकामा आतंक नै मच्चाएको थियो। सुन लगाएर एक्लै हिँडिरहेका व्यक्तिलाई पछ्याउने, सुनसान स्थानमा पुग्नेबित्तिकै लुटपाट गर्ने र तत्काल फरार हुने उनीहरूको शैली थियो। घटनापछि मोटरसाइकलको नम्बर प्लेट तुरुन्तै परिवर्तन गर्ने भएकाले यो समूह लामो समयसम्म प्रहरीको निगरानीबाट बच्दै आएको थियो। पक्राउ पर्दा उनीहरूसँग विभिन्न मोटरसाइकलमा प्रयोग गर्न मिल्ने पाँचवटा नम्बर प्लेट प्लास्टिकमा बोकेर हिँडिरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। चोरी वा लुटपाट गरेलगत्तै उनीहरूले नम्बर प्लेट परिवर्तन गर्ने गर्थे। विभिन्न आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूको प्रोफाइल तयार गर्दै निगरानी बढाइरहेको प्रहरीले यही क्रममा कर्मा समूहलाई पहिचान गरी निगरानीमा राखेको थियो। त्यसपछि विशेष अपरेसन सञ्चालन गरी समूहका पाँचै जनालाई पक्राउ गर्न प्रहरी सफल भएको थियो।

कप्तानगन्ज गोलीकाण्ड

रवीन्द्रको खुट्टा गुम्यो, अमितको हात संकटमा

अन्नपूर्ण | *विराटनगर*



सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा साउन १० गते राति भएको गोलीकाण्डमा घाइते भएका ८ जनाको उपचार अझै जारी छ। उनीहरूमध्ये दुईजनाको काठमाडौं र ६ जनाको विराटनगरका अस्पतालमा उपचार भइरहेको छ।

उपचारका क्रममा एक घाइतेले गोली लागेको खुट्टा गुमाएका छन् भने अर्का एक जनाको हातसमेत काट्नुपर्ने अवस्था आउन सक्ने चिकित्सकहरूले बताएका छन्। देवानगन्ज-३ का २१ वर्षीय रवीन्द्रकुमार मेहता अहिले काठमाडौंस्थित टिचिङ अस्पतालमा उपचाररत छन्। स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि विराटनगरको विराट नर्सिङ होमबाट उनलाई एयर एम्बुलेन्समार्फत शुक्रबार काठमाडौं लगिएको थियो।

गोली लाग्दा बायाँ तीघ्राको नसामा गम्भीर क्षति पुगेको चिकित्सकले बताएका छन्। विराटमै नसाको शल्यक्रिया गरिए पनि स्वास्थ्यमा सुधार नआएपछि थप उपचारका लागि काठमाडौं लगिएको हो। उपचारमा संलग्न उनका दाजु (ठूलोबुवाका छोरा) राजेश मेहताका अनुसार चिकित्सकको सल्लाहमा रवीन्द्रको गोली लागेको बायाँ खुट्टा काट्नुपरेको छ। उनका अनुसार अहिले पनि स्वास्थ्य अवस्था चिन्ताजनक रहेकाले चिकित्सकको निगरानीमा उपचार भइरहेको छ।

घटनामा घाइते भएका अर्का युवक देवानगन्ज-३ का १८ वर्षीय अमित यादव काठमाडौंकै ट्रमा सेन्टरमा उपचाररत छन्। विराटनगरको नोबेल शिक्षण अस्पतालबाट नेपाली सेनाको स्काई ट्रकमार्फत बिहीबार काठमाडौं लगिएका उनलाई बायाँहात र कोखामा गोली लागेको चिकित्सकले बताएका छन्। उपचारमा संलग्न छिमेकी जनार्दन यादवका अनुसार अमितको स्वास्थ्यमा केही सुधार आएर बोल्न थाले पनि गोली लागेको हात जोगाउने वा काट्ने भन्ने विषयमा चिकित्सकहरूबीच परामर्श भइरहेको छ। अमितको हात संकटमा रहेको जानकारी उनले दिए।

विराटनगरस्थित न्युरो अस्पतालमा हाल तीन जना घाइतेको उपचार भइरहेको छ। देवानगन्ज-४ का १८ वर्षीय मिथिलेश मेहताको पेटमा गोली लाग्दा आन्द्रा बाहिर निस्किएको थियो। शल्यक्रियामार्फत गोली निकालिएको छ र उनी आईसीयूमा उपचाररत छन्। अस्पतालका अनुसार उनको अवस्था मध्यम छ। त्यही अस्पतालमा उपचाररत देवानगन्ज-४ का २२ वर्षीय हरेराम यादवको दुवै तीघ्राको बीच भागमा गोली लागेको थियो। शल्यक्रिया सम्पन्न भइसकेको र अवस्था सामान्य रहेको चिकित्सकले बताएका छन्। देवानगन्ज-३ का १८ वर्षीय अमलेश मेहताको बायाँ पिठ्युँमा गोली लागेको थियो। उनको पनि सफल शल्यक्रिया भइसकेको र स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

विराट नर्सिङ होममा तीन जना घाइते उपचाररत छन्। देवानगन्ज-३ का २५ वर्षीय सुनील मेहताको बायाँ घुँडामुनिको पछाडिको भागमा गोली लागेको छ। उनको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

चिकित्सकका अनुसार देवानगन्ज-४ का १८ वर्षीय अमितकुमार यादवको कम्मरको अगाडिबाट गोली प्रवेश गरी पछाडिबाट निस्किएको थियो। शल्यक्रियापछि उनको अवस्था सामान्य रहेको चिकित्सकले बताए। त्यस्ते, देवानगन्ज-४ कै २६ वर्षीय सुनील मेहताको बायाँ कुहिनामा गोली लागेको थियो। उनको पनि शल्यक्रिया सम्पन्न भइसकेको र स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

साउन १० गते राति दुई पक्षबीच भएको विवाद हिंसात्मक झडपमा परिणत भएपछि स्थिति नियन्त्रणमा लिन सशस्त्र प्रहरीले गोली चलाएको थियो। उक्त घटनामा १० जना युवा गोली लागेर घाइते भएका थिए। घाइतेमध्ये देवानगन्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको घटनाकै राति मृत्यु भएको थियो भने देवानगन्ज-३ का २२ वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भयो।

सरकारसँग सहमति भएपछि दुवै मृतकको शव परिवारले बुझेर शुक्रबार राति अन्त्येष्टि गरिसकेको छ। प्रहरीका अनुसार घटनामा सुरक्षाकर्मीसहित २२ जनाभन्दा बढी घाइते भएका थिए। घटनापछि सुनसरीका विभिन्न स्थानमा आगजनी, तोडफोड, लुटपाट तथा व्यक्ति लक्षित आक्रमणका घटना भएका थिए। दुई दिनसम्म तनावपूर्ण बनेको अवस्था अहिले विस्तारै सामान्य बन्दै गएको सुनसरी प्रहरीका सूचना अधिकारी डीएसपी चन्द्रबहादुर खड्काले जानकारी दिए।

मधेसले शान्तिको श्वास फेर्न थाल्यो

मठमन्दिर-मजारबाट गृहमन्त्रीले दिए धार्मिक एकताको सन्देश

राजकरण महतो | *बर्दिबास*

अशान्त तराई-मधेस विस्तारै पुरानो लयमा फर्कंदै गएको छ। मधेसका जनताले शान्ति, सामाजिक एवं धार्मिक सद्भावको श्वास फेर्न थालेका छन्। सुनसरी, सिरहामा प्रहरीको गोली लागेर ज्यान गएका तीन जनाको परिवारले शव बुझेर दाहसंस्कार गरिसकेका छन्। आन्दोलनरत पक्षसँग गृहमन्त्री सुधन गुरुङले सहमति र सम्झौता गरेका छन्। योसँगै तराईका जिल्ला शान्त बन्न थालेका छन्। कर्फ्यु, निषेधाज्ञा हट्दै गएको छ।

जनकपुरधाम, वीरगन्ज, बर्दिबासलगायतका ठूला सहरहरूमा सामाजिक सद्भाव फैलाउने बैठक र ज्यालीहरू भएका छन्।

महोत्तरीको टुटेश्वरका श्रेष्ठ हार्डवेयर सप्लायर्सका सञ्चालक आशिष श्रेष्ठले सरकार, राजनीति दल, सामाजिक अगुवा, धार्मिक गुरु, तीनै तहका जनप्रतिनिधिहरूको सकारात्मक पहलले मधेससहित देश शान्त बन्दै गएको बताए। ‘टुटेश्वरनाथ महादेव मन्दिरमा लाग्ने बोलबम मेला भव्य रूपमा अगाडि बढेको छ।

झन् गृहमन्त्रीज्यू नै आएर सुरक्षाको अनुभूति दिलाउनुभयो। देशमा शान्ति कायम हुनु हाम्रा लागि धेरै खुसीको कुरो हो,’ उनले भने। यता गृहमन्त्री गुरुङ मठमन्दिर र मजार पुगेर धार्मिक तथा सामाजिक सद्भावलाई मजबुत बनाइरहेका छन्।

उनले आइतबार बिहान जानकी मन्दिरमा पूजाअर्चना गरे। दिउँसो महोत्तरीको बर्दिबास नगरपालिका-५ मधेसको कैलाश टुटेश्वरस्थित टुटेश्वरनाथ महादेव मन्दिर र रत्न छोलिङ गुम्बामा गौतम बुद्धको मूर्तिमा शिर झुकाएर शान्तिको कामना गरे। साँझ नेपाल-भारत सीमामा अवस्थित मठिहानी पुगेर तस्मैया बाबा-पिर बाबाको विरासत सम्झिँदै, हिन्दु-मुस्लिम भाइचाराको सन्देश दिए।

गृहमन्त्री सुधन गुरुङले देशमा शान्ति, सामाजिक सद्भाव र समृद्धि कायम होस् भन्ने कामनासहित मठमन्दिर र मजारमा पुजेको महोत्तरी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले जनाए।

तस्मैया बाबा-पिर बाबाको विरासत सम्झिँदै गृहमन्त्री

देशको जेठो विद्यालय रहेको महोत्तरीको मठिहानी पुगेका गृहमन्त्री सुधन गुरुङले हिन्दु र मुस्लिम समुदायबीचको धार्मिक तथा सामाजिक सद्भावलाई बलियो बनाउन विशेष मन्दिरमा पूजा-अर्चना र मजारमा चादरपोसी गरेका छन्।

गृहमन्त्री गुरुङले लक्ष्मी सागरको उत्तरतर्फ रहेको लक्ष्मीनारायण मठस्थित लक्ष्मीनारायण मन्दिरमा पूजा-अर्चना गरे भने दक्षिण-पश्चिमतर्फ रहेको पिर बाबा मजारमा चादरपोसी गरे। उनले मन्दिर र मजार दुवै स्थानमा पुगेर देशमा शान्ति, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम रहोस् भन्ने कामना व्यक्त गरे।

अशान्त मधेस बिस्तारै शान्तिको श्वास फेर्दै छ। मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलका अनुसार करिब साढे पाँच सय वर्षअघि मठिहानीको जंगल क्षेत्रमा रहेको पोखरीछेउ रामानन्द सम्प्रदायका सिद्ध सन्त राम दास (तस्मैया बाबा) र सुफी सन्त पिर बाबासँगै बस्ने गर्थे। उनीहरूले धर्मभन्दा माथि उठेर मानवता, सहिष्णुता र आपसी सद्भावको सन्देश फैलाएका थिए।

त्यसैगरी देशको जेठो गुरुकुल श्री राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वर पौडेलले लक्ष्मीनारायण मठ र पिर बाबा मजार आज पनि हिन्दु र मुस्लिम समुदायबीचको धार्मिक तथा सामाजिक सद्भावको जीवित प्रतीकका रूपमा परिचित छन्। दुवै समुदायका श्रद्धालुहरू दुवै स्थलमा पुगेर आस्था प्रकट गर्ने परम्परा अझै कायम छ।

स्थानीयवासीको विश्वास छ कि मठिहानीको यो साझा सांस्कृतिक विरासतले धार्मिक सहिष्णुता, आपसी सम्मान र राष्ट्रिय एकतालाई मजबुत बनाउँदै आएको छ। गृहमन्त्री गुरुङको भ्रमणले यही ऐतिहासिक सन्देशलाई पुनः राष्ट्रिय बहसमा ल्याएको मेयर मण्डलको भनाइ छ।



महालक्ष्मी विकास बैंक लिमिटेडको चरिकोट शाखा कार्यालय स्थानान्तरण हुने बारे सर्वसाधारण, ग्राहक महानुभावहरू तथा सरोकारवालाहरूलाई अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३/०४/१८ गते)

दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं. ६ चरिकोट स्थित रहेको शाखा कार्यालय मिति २०८३ साल श्रावण १८ गते (तदनुसार ०३ अगष्ट, २०२६) सोमबारका दिन देखि सोही नगरपालिका वडा नं. ६ स्थित २०० मीटर पश्चिम तर्फ स्थानान्तरण भई सम्पूर्ण बैंकिङ्ग कारोबार संचालन हुने भएको हुँदा सर्वसाधारण, ग्राहक महानुभावहरु तथा सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शाखा	साबिकमा शाखा रहेको स्थान	स्थानान्तरण भएको स्थान
चरिकोट	दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं. ६, चरिकोट, दोलखा।	ऐ. जिल्ला, ऐ. नगरपालिका ऐ. वडा नं. ६ चरिकोट स्थित साबिकको घरबाट २०० मिटर पश्चिम तफ

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौ
फोन नं. ०१-५९११५१९, EXT ४०३/४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

ग्लोबल आइएमई बैंक लिमिटेड

सवारी साधन लिलाम बिक्रि गर्ने बारेको १५ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

(शिलबन्दी बोलपत्र पेश गर्ने मिति २०८३/०४/१८ देखि २०८३/०५/०२ गते सम्म)

यस बैंकको स्वामित्वमा रहको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रि गरिने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ सवारी साधन खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले गोप्य शिलबन्दी बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

क्र.सं.	सवारी साधनको विवरण	सवारी साधन नं.	स्थान
१.	Peugeot GT Line 1.6 (5008)	बा १९ च ९९९६ (BAD 7149)	बैंकको पार्किङ्ग स्थान, कमलादी काठमाडौं

नोट : गोप्य शिलबन्दी बोलपत्र फारम सामान्य सेवा विभाग, कमलादीबाट नगद रु. १०००/- (फिर्ता नहुनेगरी) खरीद गर्न सकिनेछ। लिलामीका शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्। लिलाम बिक्रि सम्बन्धी कुनै जानकारी लिनुपर्ने भएमा यस बैंकको सामान्य सेवा विभाग, कमलादीमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। लिलाम स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा निहीत रहने छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सामान्य सेवा विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४४१४५४१/४४३७१०६
ग्लोबल कनेक्ट : ०१-५९७०६००

नबिल बैंक लिमिटेड, दमौली शाखा, तनहुँको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०४/१८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१. **ऋणीको नाम र ठेगानाको विवरण**

सिद्धिमान मल्लको नाति, सुर्ज कुमार मल्लको छोरा, तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ७७९०४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. तनहुँ, जारी मितिः वि.सं. २०५७/०४/१७), भएको **महेश कुमार मल्ल**।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. देव नारायण मल्लको नाति, सिद्धिमान मल्लको छोरा, तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २१५९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. तनहुँ, जारी मितिः वि.सं. २०४५/१०/२५), भएको **सुर्ज कुमार मल्ल**।

२. सिद्धिमान मल्लकी बुहारी, सुर्ज कुमार मल्लकी पत्नि तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ७३४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. तनहुँ, जारी मितिः २०४४/१२/१८) भएकी **हितमाया मल्ल भन्ने हित माया**।

३. सुर्ज कुमार मल्लकी बुहारी, महेश कुमार मल्लकी पत्नि तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १२७२९४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. तनहुँ, जारी मितिः २०६१/११/२७) भएकी **रञ्जना मल्ल**।

धितोको विवरण

१. तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने **हितमाया मल्ल भन्ने हित माया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला फराकचौर वडा नं. ०९ सिट नं. ९ग मा स्थित कि.नं. ११६० क्षेत्रफल ०-२-०-० रोपनी घर/ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. तनहुँ जिल्ला छाङ गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने **महेश कुमार मल्ल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला फराकचौर वडा नं. ०९ सिट नं. ९ञ मा स्थित कि.नं. क्रमशः ३३१, ४२० र १७७ क्षेत्रफल क्रमशः ०-२-३-१, ०-२-०-० र ०-२-०-० रोपनी घर/ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणीको नाम र ठेगानाको विवरण**

सन्त कुमार श्रेष्ठकी बुहारी, अर्जुन कुमार श्रेष्ठकी पत्नि स्याङ्जा जिल्ला सिर्सेकोट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा वडा नं. ०२ बस्ने, ना.प्र.नं. ५५५४० (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. स्याङ्जा, जारी मितिः २०५६/०९/११) भएकी **इमा कुमारी गुरुङ**।

व्यक्तिगत जमानतकर्ताको विवरण

लाल गोविन्द श्रेष्ठको नाति, सन्त कुमार श्रेष्ठको छोरा, तनहुँ जिल्ला वरभञ्ज्याङ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १७६७६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. तनहुँ, जारी मितिः वि.सं. २०५२/११/२७), भएको **अर्जुन कुमार श्रेष्ठ**।

धितोको विवरण

१. स्याङ्जा जिल्ला सिर्सेकोट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने **इमा कुमारी गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको फराकचौर वडा नं. ०९ सिट नं. ९ग मा स्थित कि.नं. १२६९ र १४२४ क्षेत्रफल ०-०-३-२ र ०-०-२-० रोपनी घर/ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. तनहुँ जिल्ला वरभञ्ज्याङ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२ बस्ने **अर्जुन कुमार श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला गुणादी वडा नं. ०१ सिट नं. १ख मा स्थित कि.नं. १०६५ क्षेत्रफल ०-५-०-० रोपनी घर/ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

सम्पादकीय

हिमाली नायकको अवसानले पुऱ्याएको क्षति

निर्मल पुर्जा एक सामान्य पर्वतारोही थिएनन्। तर उनको नश्वर शरीरको असामान्य बिदाइमा पर्वतारोहण क्षेत्र शोक विह्वल बन्नु परेको छ। पाकिस्तानस्थित ८ हजार ५१ मिटर अग्लो ब्रोड पिक हिमालको भयानक हिमपहिरोमा परी निर्मलसहित ६ नेपाली आरोहीको प्राण जाँदा एउटा सन्नाटा महसुस भएको छ। निर्मल तिनै आरोही हुन्, जो सम्भव परियोजनाका अभियन्ता र कीर्तिमानी पर्वतारोही थिए। बिहीबार भने ४३ वर्षीय पुर्जासहित पुरबहादुर गुरुङ (युक्ता), निमा शेर्पा, किली पेम्बा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पासहित अरू चार विदेशीले समेत हिमालसामु हार मान्नुपऱ्यो। निर्मलको अभूतपूर्व अभियानले पूर्णविराम लियो। निर्मलको जीवनको अप्रत्याशित अवसानप्रति विश्वकै प्रतिष्ठित व्यक्तित्वहरूबाट आएका शोक वक्तव्यले पुष्टि गर्छ कि उनले आफूसँगै नेपालको शिरो विश्वमाझ धेरै उचो बनाएका थिए, हिमालजस्तै।

म्याग्दीको दाना गाउँमा जन्मिएका निर्मलले ब्रिटिस गोर्खा सेनामा रहँदा पनि दुर्लभ कौशल प्रदर्शन गरेका थिए। उच्च हिमाली युद्धकौशलको उनको दक्षताको स्वयं बेलायत प्रशंसक थियो। सैनिक जीवनबाट अवकाश पाएर हिमाल आरोहणमा लागेपछि उनले ६ महिना ६ दिनमा विश्वका सबै १४ अग्ला हिमाल आरोहण गरेर कीर्तिमान कमाए। त्यसो त आफैंमा अप्ठेरो केटु हिमाल माइनस ६० डिग्रीको बेला चढेर शीतकालीन आरोहणमा सफलता प्राप्त गर्दा साँच्चै आँट र साहसका प्रतिमूर्ति बनेका थिए उनी।

निर्मलले कीर्तिमानबाट मात्रै नेपालीको सान बढाएका होइनन्। हिमाल आरोहणका फरक कथा लेख्न पनि उनी सफल थिए। विदेशी आरोहीको नेतृत्वदायी भूमिका उनले सधैं खेले र हिमाल नेपालमा छ भन्नेमात्रै होइन, हिमाल आरोहणका नायक नेपाली नै हुन् भन्ने पुनर्पुष्टि गरिरहे। नेपालीहरू हिमाल आरोहणका सहयोगीमा सीमित हुने होइन अगुवाइमा हो भन्ने उनले सिद्ध गरेका थिए। र उच्च वर्गसम्म त्यो सन्देश पुऱ्याउन उनको अभियान सफल थियो। आरोहणको कीर्तिमानमात्रै निर्मलको लक्ष्य रहेन। हिमालमा अलपत्रहरूको साहसिक उद्धार गरेर उनले नेपालीको साहस र परोपकारी चिनारी उजिल्याएका थिए। अनि आफ्नै नामको संस्था खोलेर हिमाल र मानवजीवनको अभियान चलाएका थिए। उनले खिचेको हिमालमा लागेको आरोहीहरूको जामको तस्बिरले नियमनका लागि सरकारलाई घच्घच्याएको थियो। यसको मतलब उनी हिमालको दुरवस्थाका बारे पनि उत्तिकै चिन्तित थिए भन्ने देखिन्छ। त्यसो त उनको निधनको कारण हिमपहिरो बन्यो, त्यो नै हिमाल र पर्यावरणमा आएको ठूलो परिवर्तनको यथार्थ हो।

यो बेला हिमपहिरो आएर साहसी आरोहीले ज्यान गुमाउनु केवल एक कीर्तिमानधारीको अन्त्य होइन, हाम्रा हिमालहरू पग्लिरहेका छन् र यिनको अन्त्य प्राकृतिक नियमानुसारभन्दा छिटो हुँदैछ भन्ने सन्देश पनि हो। यो विश्व तापमान वृद्धि र जलवायु परिवर्तनले बजाएको खतरा अर्को घण्टी हो। सँगसँगै नेपालले जन्मसिद्ध प्रतिभामा मात्रै रमाएर पुग्दैन, आफ्ना आरोहीहरूको सुरक्षा र प्राविधिक ज्ञानमा पनि थप लगानी गर्नुपर्छ भन्ने सन्देश निर्मलसहितका अनुभवी आरोहीको अप्रत्याशित अवसानले दिएको छ। हामीले हाम्रा हिमाललाई आम्दानीको स्रोतसीमित गर्ने होइन, हिमाली प्रतिभाको ज्ञान, कौशल र क्षमता अभिवृद्धिमा पनि लगानी गर्नुपर्छ भनेर झक्झकाएको छ। राज्यको कर्तव्य निर्मलहरूको नाममा शोक जनाएर सीमित हुनुहुँदैन, आफ्ना आरोही र पर्वतारोहणका क्षेत्रमा पनि लगानी गर्नमा पनि केन्द्रित हुनुपर्छ।


गगनको राजनीतिक बाटो

यतिबेला नेपाली कांग्रेसभित्रै असहमतिलाई सम्मान गर्ने संस्कृति क्रमशः कमजोर भइरहेको छ।



भोजराज न्यौपाने

अग्रमत



साउनको पहिलो हप्ता बीपी स्मृति दिवस सम्पन्न भयो। हालसालै सकिएको विश्वकप फुटबलदेखि नै सानो छोरा श्रुहितले खेलकुद र राजनीतिबारे बहस पैरवी भइरहन्थ्यो। विश्वकप सकिएपछि स्मृति दिवसको अपडेट लिएको रहेछ। प्रसंगवश उसले प्रश्न गऱ्यो, बीपी कोइरालालाई नयाँ पुस्ताले कसरी सम्झने?

१० कक्षामा पढ्दै गरेको छोराले गरेको यो गम्भीर प्रश्नले मलाई तीन दशकअघिको राजनीतिक परिवेशसम्म डोऱ्यायो। आजभन्दा ३६ वर्षअघि मैले नेपाली कांग्रेसका पूर्वसांसद रामजीवन सिंहसँग दोलखामा यही प्रश्न गरेको थिएँ।

मेरो प्रश्नको उत्तरको बदलामा सिंहले बीपी कोइरालाका दर्जनौं पुस्तक, दस्तावेज पढ्न दिनु भएको थियो। मेरो किशोरवय बीपीकै विचार र पुस्तकको सेरोफेरोमा बितेको थियो। त्यतिबेला मेरो आफ्नो युवाकालीन समयलाई राजनीतिक चेतनाका दृष्टिकोणले परिपक्व बनाउन पाएको थिएँ। यतिबेला सम्झँदा त्यो समय मेरो जीवनको एक स्वर्णिम समय थियो।

आज त्यही प्रश्न मेरो सानो छोराले गरिरहेको छ। तर, कहाँबाट सुरु गरौं मेरो छोराको उत्तर? म अलिकति अलमलिएको छु।

नेपाली कांग्रेसका संस्थापक, लोकतान्त्रिक समाजवादका प्रणेता विश्वेश्वरप्रसाद कोइराला एक महान् राजनीतिक चिन्तकमात्र होइन आधुनिक नेपालको अत्यन्तै प्रभावशाली नेता हुनुहुन्थ्यो।

राष्ट्रियता प्रजातन्त्रका लागि कसैसँग सम्झौता नगर्ने बीपी सहिष्णुता र वैचारिक बहसका लागि एक असाधारण व्यक्तित्वका रूपमा परिचित हुनुहुन्थ्यो।

बीपी कोइरालाका अनुसार 'लोकतन्त्र भनेको असहमतिलाई सम्मान गर्ने संस्कृति हो।' तर यतिबेला नेपाली कांग्रेसभित्रै असहमतिलाई सम्मान गर्ने संस्कृति क्रमशः कमजोर भइरहेको छ।

देशभरका कांग्रेस कार्यकर्ताहरूको गुनासो छ- कांग्रेसमा बीपीको तस्बिर बाँकी छ, तर बीपीको विचार क्रमशः हराउँदै गएको छ। नयाँ पुस्ताका लागि त के कुरा दोस्रो पुस्ताकै नेताका लागि समेत 'प्रजातान्त्रिक समाजवाद' कुन चराको नाम हो थाहा छैन। बीपीले अवलम्बन गर्नु भएको राजनीतिक चरित्र र विचारको स्थानमा तिकडम, छलकपट र दम्भले ठाउँ लिएको छ, संवादको स्थान कुण्ठा र सत्तामोहले दिग्भ्रमित भएको छ।

नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेस एक असामान्य अवस्थामा खुलेको पार्टी हो। नेपाली कांग्रेसले २००७ सालको प्रजातान्त्रिक क्रान्ति, २०४६ सालको जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक आन्दोलनको नेतृत्व गरेको गौरव बोकेको छ। नेपाली कांग्रेसको निर्माण बीपीका विचारसँगै हजारौं नेता र कार्यकर्ताको बलिदान, जेल, निर्वासन र त्यागको अभूतपूर्व जनबलबाट भएको हो।

बीपीले नेपाली कांग्रेसलाई जबरजस्ती निर्वाचन जितेर सरकार बनाउन मरिमेट्ने पार्टीका रूपमा होइन, राष्ट्र निर्माणको एक अथक अभियानका रूपमा परिकल्पना गर्नुभएको थियो। उहाँका लागि लोकतन्त्र सत्ता प्राप्तिको साधन होइन। नागरिक स्वतन्त्रता, सामाजिक न्याय र राष्ट्रियताको आधार थियो।

बीपीको राजनीतिक चिन्तन र बुझाइ यति सरल थियो कि जो कोहीले सजिलै बुझ्न सक्दथ्यो। समाजवाद र साम्यवादको फरकका विषयमा उहाँको स्पष्ट धारणा थियो- 'समाजवाद भनेको पनि साम्यवाद नै हो त्यसमा प्रजातन्त्र थपिएको हुन्छ, साम्यवाद भनेको पनि समाजवाद नै हो त्यसमा प्रजातन्त्र झिकिएको हुन्छ।' उहाँले नेपाली कांग्रेसलाई मजदुर, किसान, गरिब र मध्यमवर्गीय सबैको प्रिय बनाउनु भएको थियो। दलित, महिला र पिछडिएका वर्गका लागि नेपाली कांग्रेसले अभिभावकत्व प्रदान गरेको थियो। उहाँले अवलम्बन गर्नुभएको प्रजातान्त्रिक समाजवाद तत्कालीन नेपालका लागि अत्यन्त महत्त्वपूर्ण राजनीतिक दर्शन थियो। सबैका घरमा एउटा दुहुनु गाई, एक हल गोरु, खाना र बस्ने बास होस् भन्ने परिकल्पना आजभन्दा आठ दशक अगाडि कति धेरै सान्दर्भिक थियो होला अनुमान गर्न सकिन्छ।

बीपीको सपनामाथि राजा महेन्द्रले 'राजनीतिक कू' नगरेको भए आज नेपाल संसारका विकसित राष्ट्रभन्दा कम हुने थिएन। तर, दुर्भाग्यवश नेपालको राजसंस्था न त नागरिक मैत्री बन्न सक्यो, न त देशको कुशल राजसंस्थाको रूपमा नेतृत्व प्रदान गर्न सक्यो। आज नेपाली कांग्रेसको नेतृत्वमा पुग्नेहरूमध्ये धेरैजसोलाई न त प्रजातान्त्रिक समाजवादको मर्म थाहा छ, न त बीपीले आत्मसात् गरेको राष्ट्रियता र राष्ट्रिय मेलमिलापको।

> नेपाली कांग्रेसलाई सधैं गुटैगुटको चक्रव्यूहमा राखेर लोकतन्त्र, विकास र सामाजिक रूपान्तरणलाई तिलाञ्जली दिने यो समूहकै कारण नेपाली कांग्रेस दिनदिनै मरेतुल्य बन्न पुगेको छ।

यतिबेला नेपाली कांग्रेस विग्रहको घडीमा पुगेको छ। यतिसम्म कि पार्टीका संस्थापक नेता बीपी कोइरालाको ४४औं स्मृति दिवससमेत नेताहरूले पार्टीको आधिकारिक मञ्चमा मनाउन सकेनन्। नेपाली कांग्रेसले जलवायुको विषयलाई जोडेर 'ग्रिन रन' कार्यक्रम आयोजना गऱ्यो। विशेष महाधिवेशनलाई अस्वीकार गर्ने समूहले कांग्रेसले आयोजना गरेको कार्यक्रममा सहभागिता जनाएनन्। राजनीतिक आदर्शको दुहाइ दिने पूर्णबहादुर खड्कामात्र होइन बीपीकै सुपुत्र पूर्वमहामन्त्री डा. शशांक कोइराला स्वयं पनि 'ग्रिन रन'मा सहभागी भएनन्। यसका विपरीत नेपाल प्रज्ञा प्रतिष्ठानमा छुट्टै कार्यक्रमको आयोजना गरेर देउवा निकटले बीपी स्मृति दिवस मनाए।

निवर्तमान सभापति शेरबहादुर देउवा लामो समयदेखि देश बाहिर छन्। उपचारका लागि भनिए पनि देउवा सम्भावित गिरफ्तारी टार्नका लागि देश बाहिरै बसेको तथ्य छिपेको छैन। उनको अनुपस्थितिमा उनको राजनीतिक रेखदेखको जिम्मा पाएका पूर्णबहादुर खड्काले देउवा समूहको नेतृत्व गरेका छन्। र, उनकै नेतृत्वमा छन् तीन दशकदेखि पार्टी र सत्ताको नेतृत्वमा बसेर रमाइरहेका सुकिलामुकिलाहरू। यही सुकिलामुकिलाहरूको समूहले साउन २९ गते विशेष भेलासमेत बोलाइएको छ। भेला आयोजना गर्ने जिम्मा प्रकाशमान सिंहले पाएका छन्। विशेष महाधिवेशनलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई सदर गरेको सर्वोच्चमा उक्त निर्णयमाथि पुनरावलोकन गर्न देउवा पक्षले सर्वोच्चको ढोका ढकढक्याएको छ।

बीपी स्मृति दिवस मनाउन भनेर प्रज्ञा प्रतिष्ठानमा आयोजना गरिएको भेलामा धेरै कांग्रेस इतर नेताहरूले नेपाली कांग्रेस पार्टी फोरेर नयाँ पार्टी बनाउनुपर्ने धारणा व्यक्त गरेका छन्। तर, साउन ७ गते नेपाली कांग्रेसले गरेको नयाँ अभियानको शुभारम्भ कार्यक्रममा नेताहरूले बीपीको स्मृति र चिन्तनका विषयमा महत्त्वपूर्ण छलफल गरेका थिए। सधैं सत्ताको स्वार्थमा रमाउँदा रमाउँदै धृतराष्ट्रका आँखा हालिसकेका पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौलालाई फेरि पनि चाहिएको छ सत्ताको सिरानी। त्यसका लागि कान्छाराम तामाङको चाबीभित्र खुम्चिएको छ पूर्णबहादुर खड्काको राजनीतिक भविष्य।

देउवाको लबेदाको फेर समातेर कांग्रेसको राजनीतिमा लागेका, लामो समयदेखि नेतृत्वपंक्तिमा रहेर पटक-पटक अवसर पाउँदासमेत डेलिभरी गर्न नसकेका असफलहरूको भिडबाहेक कुनै नयाँपन पूर्णबहादुर समूहले देखाउन सकेको छैन। नेपाली कांग्रेसलाई आफ्नो कब्जामा लिनेबाहेक खड्का समूहको कुनै एजेन्डा छैन। न राजनीतिक दृष्टिकोणमा नयाँपन छ, न सामाजिक उत्तरदायित्वको भूमिकामा नै। कांग्रेसको दोस्रो पुस्ता भनिने यो समूह नेपाली कांग्रेसकै इतिहासमै सबैभन्दा 'निकम्मा समूह' बन्न पुगेको छ। नेपाली कांग्रेसलाई सधैं गुटैगुटको चक्रव्यूहमा राखेर लोकतन्त्र, विकास र सामाजिक रूपान्तरणलाई तिलाञ्जली दिने यो समूहकै कारण नेपाली कांग्रेस दिनदिनै मरेतुल्य बन्न पुगेको छ।

स्वस्थानी व्रतकथामा एउटा प्रसंग उल्लेख छ। स्वस्थानीको प्रसाद सकेसम्म आफ्ना पतिलाई दिने, पति नभए छोरालाई, छोरा नभए मित छोरालाई र मित छोरा पनि नभए खोलामा बगाइदिनू भने जस्तै सकभर आफू, आफू नभए आफ्नो गुट, त्यो पनि नभए लोकतन्त्रकै विरुद्धमा खडा हुनु नै यिनको राजनीतिक चरित्र भएको छ। अझ नयाँ पुस्ता भनिने केही युवाहरू कांग्रेसका नाममा 'टोले ठेकेदार' भन्दा माथि उठ्न सकेनन्। यिनीहरूको दैनिकी दाइहरूको चाकडीबाट सुरु भएर साँझको अन्त्य दाजुहरूकै निकटतम कुनै ठेकेदारले स्पन्सर गरेको 'निम्नकोटीको दारु' बाट हुने गरेको छ।

यिनीहरू नेपाली कांग्रेसका सभापति गगन थापासँग न राजनैतिक संवाद गर्न सक्षम छन् न गगनसँग राजनीतिक मुकाबिला गरेर आफ्नो स्थान बनाउन सक्षम छन्। उनीहरू नै घोत्रो सुक्ने गरी चिच्याउँदैछन् नेपाली कांग्रेसले बीपीको राजनीतिक सिद्धान्तलाई बोक्न सक्दैन भनेर। यतिबेला नेपाली कांग्रेस महत्त्वपूर्ण मोडमा आइपुगेको छ।

राजनीतिको नाममा पुरानो विचारलाई बोकिराख्ने वा नयाँ सुसंस्कृत राजनीतिको सुरुवात गर्ने? सम्भवत नेपाली कांग्रेसका सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माको टिमले राजनीतिक संस्कार र मान्यतालाई अगाडि सार्ने दृष्टता गरेका छन्। जुन नेपाली कांग्रेसप्रति भरोसा बढ्ने निश्चित प्रायः छ।

यतिबेला नेपाली कांग्रेसको पुनर्गठन र रूपान्तरण कांग्रेस सभापति थापाका मुख्य चुनौती र एजेन्डा हुन्। यही एजेन्डाका आधारमा विशेष महाधिवेशनबाट थापा सभापतिमा निर्वाचित भए। विशेष महाधिवेशनबाट प्रारम्भ भएको कांग्रेसको रूपान्तरण प्रक्रियाले राजनीतिक सन्तुलन, धैर्य, परिपक्व निर्णय क्षमता र पार्टीलाई पूर्ण 'मासबेस' पार्टीमा रूपान्तरण गर्न गगन कति सफल हुन्छन् त्यसैमा नेपाली कांग्रेसको भविष्य निर्धारण गर्दछ।

नेपाली कांग्रेसलाई असन्तुष्ट गुटैगुटको चक्रव्यूहबाट बाहिर निकालेर बीपीले अवलम्बन गर्नुभएको सैद्धान्तिक धरातललाई अझै फराकिलो बनाउने जिम्मेवारी पनि गगनले पाएका छन्। दसतिर टाउको फर्काएर बसेका 'दशमुख' लाई कांग्रेसको मूलधारमा ल्याउन आजको अवस्था अत्यन्तै कठिन देखिएको छ। तर, कुनै समय सर्वशक्तिमान राजा ज्ञानेन्द्रका सामु नझुकेका गगनले आफ्नो राजनैतिक कुशलतालाई पक्कै पनि कमजोर हुन दिने छैनन्।

बीपीको समयभन्दा एक्काइसौं शताब्दीको वर्तमान समय धेरै अर्थमा फरक भएको छ। राजनैतिक चेतना र सामाजिक आर्थिक परिवेशले समेत नागरिकका आधारभूत आवश्यकतामा व्यापक परिवर्तन भएको छ। त्यसैले बीपीको प्रजातान्त्रिक समाजवादको मूल मर्मलाई बुझेर कांग्रेसले लिने राष्ट्रियता, लोकतन्त्र, सैद्धान्तिक अडान र सार्वभौम नागरिकको गरिमाले नै अबको लोकतन्त्रलाई मजबुत बनाउन सक्नेछ।

साउन, प्रकृति र जीवनशैली



डा. नम्रता पाण्डे

साउन सनातन धर्मावलम्बी एवं नेपाली समाजका लागि केवल आध्यात्मिक महिना, हरियो पहिरन, सौभाग्य र व्रत उपासनाको मात्र होइन । यो प्रकृतिको पुनर्जागरण, जीवनको उत्सव र आध्यात्मिक जागरणको प्रतीक हो । भनिन्छ- असारको वर्षापछि धर्तीले हरियो वस्त्र धारण गर्छ, वनजंगल, खेतबारी, नदीनाला र पहाडहरू नयाँ जीवनले मुस्कुराउन थाल्छन्। चारैतिर फैलिएको हरियालीले केवल वातावरणलाई मात्र होइन, मानव मनलाई पनि शान्त, आनन्दित र आशावादी बनाउँछ।

साउनको वर्षाले धुलो पखाल्छ, वातावरणलाई शुद्ध बनाउँछ र जीवनलाई नयाँ ऊर्जा दिन्छ। यही कारणले नेपाली संस्कृति, हिन्दु दर्शन र वैदिक परम्परामा साउनलाई भगवान् शिवको आराधना, व्रत, ध्यान, योग, जप, तप र आत्मशुद्धिको महिनाका रूपमा विशेष महत्त्व दिइएको छ। प्रकृतिको हरियाली र मानवको आन्तरिक हरियालीबीच गहिरो सम्बन्ध रहेको कुरा हाम्रो सभ्यताले हजारौं वर्षदेखि सिकाउँदै आएको छ।

आजको आधुनिक युगमा मानिससँग भौतिक सुविधा धेरै छन्, तर आन्तरिक शान्तिको कमी छ। प्रविधिले संसारलाई सानो बनाएको छ, तर मानिसको मन झन् जटिल बन्दै गएको छ। तनाव, चिन्ता, प्रतिस्पर्धा, एक्लोपन र मानसिक असन्तुलन बढिरहेका छन्। यस्तो अवस्थामा साउनले हामीलाई एउटा सरल तर गहिरो सन्देश दिन्छ- प्रकृतिसँग जोडिऔं, आफूभित्र फर्किऔं र जीवनलाई पुनः सन्तुलित बनाऔं।

हरियालीको विज्ञान र दर्शन : हरियो रङ जीवनको रङ हो । वनस्पतिको हरियालीले पृथ्वीमा अक्सिजन उत्पादन गर्छ, वातावरणलाई सन्तुलित राख्छ र जैविक विविधताको संरक्षण गर्छ। वैज्ञानिक अनुसन्धानहरूले पनि हरियाली वातावरणमा केही समय बिताउँदा तनाव कम हुने, रक्तचाप नियन्त्रणमा रहने, मानसिक थकान घट्ने र सिर्जनात्मक सोच बढ्ने देखाएका छन्। तर हाम्रो पूर्वीय दर्शनले हरियालीलाई केवल जैविक प्रक्रिया मानेको छैन। हरियाली समृद्धि, करुणा, धैर्य, सन्तुलन र निरन्तर विकासको प्रतीक हो । एउटा सानो बिउले समय, धैर्य र उचित वातावरण पाएपछि विशाल वृक्षको रूप लिन्छ। त्यसैगरी मानिसको चेतना पनि निरन्तर साधना, अनुशासन र आत्मविकासबाट परिपक्व बन्छ। साउनको वर्षाले जस्तै मनमा जमेको अहंकार, ईर्ष्या, क्रोध र नकारात्मकतालाई पनि धोइदिन सक्यो भने मात्र वास्तविक हरियाली हाम्रो जीवनमा फुल्न सक्छ।

साउन र स्वस्थ जीवनशैली : प्रकृतिसँग तादात्म्य बनाएर बाँच्नु नै स्वस्थ जीवनको आधार हो । साउनको मौसमले शरीर र मन दुवैलाई विश्राम र पुनर्जागरणको अवसर दिन्छ। बिहानको स्वच्छ हावा, वर्षापछिको सुगन्ध, हरियाली वातावरण र चिसो मौसमले ध्यान, योग र प्रार्थनाका लागि अनुकूल वातावरण सिर्जना गर्छ। आजको जीवनशैलीमा अनियमित खानपान, निद्राको कमी, अत्यधिक डिजिटल प्रयोग र तनावले मानिसको मानसिक स्वास्थ्य कमजोर बनाइरहेको छ। साउनले हामीलाई फेरि प्रकृतिको लयसँग जोडिन आग्रह गर्छ। प्रकृतिको लयसँग जोडिनु भनेकै स्वस्थ जीवनशैलीको सुरुवात गर्नु हो । जस्तै- बिहान चाँडै उठ्ने, नियमित योग र प्राणायाम गर्ने, मन्दिर जाने, ध्यान र मौनको अभ्यास गर्ने अनि मौसमी, ताजा र सन्तुलित भोजन ग्रहण गर्ने । साथै, हरियाली वातावरणमा हिँड्ने, परिवारसँग समय बिताउने अनि प्रकृतिको संरक्षणमा योगदान गर्ने। यी अभ्यासहरू कठिन छैनन् र यी अभ्यासहरूले जीवनमा असाधारण परिवर्तन ल्याउन सक्छन्।

ध्यान, प्रार्थना, योग र आत्मनिरीक्षण : मानिसले संसार जित्न सक्छ, तर आफ्नो मनलाई जित्न सकेन भने वास्तविक सफलता अधुरो रहन्छ। ध्यान, प्रार्थना, योग, स्वाध्याय र आत्मनिरीक्षणले मानिसलाई आफ्नो मनसँग मित्रता गर्न सिकाउँछन्। मनको नियन्त्रणबिना बाहिरी उपलब्धिहरूले स्थायी सुख दिन सक्दैनन्। ध्यानले विचारहरूको भिडलाई शान्त बनाउँछ। योगले शरीर र मनबीचको सम्बन्धलाई सन्तुलित गर्छ। प्रार्थनाले विनम्रता र विश्वास जगाउँछ। स्वाध्यायले ज्ञान बढाउँछ भने आत्मनिरीक्षणले आफ्ना कमजोरी र सम्भावनालाई चिन्ने अवसर दिन्छ। साउनभरि जसरी हरियो, पहेंलो फिरन र सौभाग्यमा ध्यान दिन्छन्। त्यसलाई पुष्टि गर्न साउनको प्रत्येक बिहानमा केही समय मौन बसेर आफ्नै श्वासलाई अनुभव गर्नु पनि एउटा ठूलो आध्यात्मिक अभ्यास बन्न सक्छ।

करुणा र जागरणको महिना साउन : भगवान् बुद्धले भन्नुभएको छ– 'मानिसको जीवनमा दुःख छ, तर दुःखबाट मुक्त हुने मार्ग पनि छ।' सदाबहार जीवनमा बुद्धको यो मार्मिकता लागू हुन्छ। बुद्धका अनुसार दुःखको मूल कारण तृष्णा, आशक्ति र अज्ञान हो । मानिसले सबै कुरा आफ्नो इच्छाअनुसार हुनुपर्छ भन्ने अपेक्षा त्याग्न सकेपछि मन हलुका बन्छ। बुद्धको यही मध्यम मार्गले सन्तुलित जीवनको शिक्षा दिन्छ। साउनको शान्त वातावरणमा बुद्धको सन्देश झझ बढी सान्दर्भिक देखिन्छ। वर्षाको थोपा झैं प्रत्येक क्षण नयाँ हुन्छ। यदि हामी वर्तमानलाई स्वीकार गर्न सिक्यौं भने जीवन सहज बन्छ। करुणा, मैत्री, मुदिता र उपेक्षा-यी चार ब्रह्मविहारहरू आज पनि मानसिक स्वास्थ्यका आधारस्तम्भ हुन्।

ओशोको वर्तमानमा बाँच्ने कला : ओशोले जीवनलाई निरन्तर बगिरहेको नदीसँग तुलना गर्दै भन्नुहुन्छ- 'जीवनलाई नियन्त्रण गर्ने होइन, अनुभव गर्ने कला सिक।' ओशोका अनुसार अधिकांश मानिस विगतको पश्चात्ताप र भविष्यको चिन्तामा बाँच्छन्। त्यसैले वर्तमानको आनन्द हराउँछ। साउनको वर्षा हिजो भएकोमा गणना होला, भोलि हुने सम्भावना रहला। तर वर्षा सधैं अहिले पर्छ, वर्षाको तपतप पानीको आवाज अहिले कानमा गुञ्जिन्छ, अहिलेको वर्तमानको अनुभूतिमा हुन्छ । जीवन पनि वर्तमानमा मात्र बाँचिन्छ। जब मानिस पूर्ण जागरणका साथ वर्तमान क्षणमा बाँच्न सिक्छ, तब दुःखले पनि उसलाई लामो समयसम्म बाँध्न सक्दैन।

गीताको समत्व योग : भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ- 'समत्वं योग उच्यते ।' अर्थात् सुख-दुःख, लाभ-हानि, जय-पराजय सबै अवस्थामा मनको सन्तुलन कायम राख्नु नै वास्तविक योग हो । गीताको सन्देश संघर्षबाट भाग्नु होइन, समभावका साथ आफ्नो कर्तव्य पूरा गर्नु हो । साउनको वर्षा जस्तै जीवनमा पनि कहिले घाम त कहिले बादल अनि बादल पछि वर्षा आउँछ। परिस्थितिहरू बदलिन्छन्, तर समत्वको अभ्यासले मन स्थिर रहन्छ। आजको प्रतिस्पर्धात्मक समाजमा गीता केवल धार्मिक ग्रन्थ होइन, जीवन व्यवस्थापनको उत्कृष्ट मार्गदर्शक हो ।

उपनिषद्को आत्मज्ञान : उपनिषद्ले मानव जीवनको सर्वोच्च उद्देश्य आत्मज्ञानलाई मानेका छन्। बाहिरी संसार परिवर्तनशील छ। शरीर परिवर्तन हुन्छ, सम्बन्ध परिवर्तन हुन्छ, परिस्थिति परिवर्तन हुन्छ तर आत्मा शाश्वत छ। जब मानिसले आफ्नो वास्तविक स्वरूपलाई चिन्न थाल्छ, तब बाहिरी उतारचढावले उसको शान्तिलाई धेरै प्रभावित गर्न सक्दैन। उपनिषद्को सन्देशले सिकाउँछ-साँचो आनन्द बाहिर होइन, आफ्नै अन्तरमनमा छ।

प्रकृति संरक्षण हाम्रो साझा जिम्मेवारी साउनको हरियाली केवल हेर्ने वस्तु होइन, जोगाउने जिम्मेवारी पनि हो । वन विनाश, नदी प्रदूषण, प्लास्टिकको अत्यधिक प्रयोग, जलवायु परिवर्तन र अव्यवस्थित सहरीकरणले प्रकृतिको सन्तुलन बिग्रिरहेको छ। यदि प्रकृति स्वस्थ रहिन भने मानव जीवन पनि सुरक्षित रहँदैन। हरेक नागरिकले वर्षमा कम्तीमा एउटा बिरुवा रोप्ने, प्लास्टिकको प्रयोग घटाउने, पानीको संरक्षण गर्ने र जैविक विविधताको सम्मान गर्ने संस्कार विकास गर्न आवश्यक छ। किनकि हरियो पृथ्वी नै भावी पुस्ताका लागि सबैभन्दा ठूलो सम्पत्ति हो ।

अन्तरमनको हराभरा : साउनले प्रकृतिलाई हरियालीले सजाउँछ, तर यसको वास्तविक सन्देश मानिसको अन्तरमनलाई पनि हराभरा बनाउनु हो । जीवनमा सुख र दुःख, सफलता र असफलता, मिलन र बिछोड आउनु प्रकृतिको अनवरत चक्र हो । जसरी वर्षाको स्पर्शले सुक्खा धर्तीमा नयाँ पालुवा पलाउँछन्, त्यसरी नै जीवनका कठिन अनुभवहरूले मानिसलाई परिपक्व, सहनशील र विवेकी बनाउने अवसर दिन्छन्। प्रत्येक चुनौतीले हामीलाई केही नयाँ सिकाउँछ, हाम्रो धैर्यको परीक्षा लिन्छ र भित्र लुकेको सामर्थ्यलाई उजागर गर्छ। जब मानिस प्रतिकूल परिस्थितिमा पनि आफ्नो मनको सन्तुलन, करुणा, धैर्य, विश्वास र सकारात्मक सोचलाई जोगाइराख्न सक्षम हुन्छ। साउनको हरियालीले हामीलाई यही प्रेरणा दिन्छ- जसरी प्रकृतिले वर्षाको प्रत्येक थोपालाई स्वीकार गरेर नयाँ जीवनको सृष्टि गर्छ, त्यसरी नै हामीले पनि जीवनका चुनौतीहरूलाई सहज रूपमा स्वीकार गर्दै आफ्नो मनमा आशा, प्रेम, करुणा र आत्मचेतनाको हरियाली फुलाउनुपर्छ। जब हाम्रो अन्तरमन हराभरा हुन्छ, तब बाहिरी संसारका परिवर्तनहरूले हाम्रो शान्ति र आनन्दलाई डगमगाउन सक्दैनन्। यही भित्री हरियाली नै सुखी, सन्तुलित र अर्थपूर्ण जीवनको वास्तविक आधार हो । वर्षाको थोपा स्वीकार गरेर हरियाली फैलाउँछ, त्यसरी नै हामीले पनि जीवनका चुनौतीलाई स्वीकार गरेर चेतनाको नयाँ फूल फुलाउनुपर्छ।

यो साउनमा केवल धर्तीलाई मात्र होइन, आफ्नो मनलाई पनि हराभरा बनाउनु छ। ध्यानलाई जीवन बनाउनु छ, योगलाई अनुशासन अनि प्रार्थनालाई शक्ति बनाउनु छ। त्यसैगरी, स्वाध्यायलाई ज्ञान बनाऔं, आत्मनिरीक्षणलाई विकासको मार्ग बनाऔं र प्रकृतिलाई आफ्नो परिवार सम्झेर संरक्षण गरौं। यही नै साउनको वास्तविक उत्सव हो । यही हरियाली जीवनको सच्चा सम्पन्नता हो । यही आध्यात्मिक चेतना, सकारात्मक सोच र प्रकृतिप्रतिको प्रेमले मानव जीवनलाई सार्थक, सफल, स्वस्थ र आनन्दमय बनाउन सक्छ।

होनहार युवा गुमाएपछि लाप्राकवासी शोकमा

शिव उप्रेती | *गोरखा*

कीर्तिमानी आरोही पुरबहादुर गुरुङ (युक्त)को निधनले आरोहीको गाउँ भनेर प्रसिद्ध लाप्राक गाउँ शोकमा डुबेको छ।

गत बिहीबार पाकिस्तानको ब्रोड पिकको हिउँपहिरोमा परी मृत्यु भएपछि उनका आफन्त र गाउँले काठमाडौं, काभ्रेस्थलीस्थित उनको निवासमा भरिभराउ छन्। शोकाकुल परिवारसँग समवेदना प्रकट गर्न तथा परिवारलाई संरक्षकत्व प्रदान गर्न गाउँलेहरू भेला भएको लाप्राकबै नेपालका प्रथम अन्तर्राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक सुनार गुरुङले जानकारी दिए।

आफन्त तथा छरछिमेकी पाकिस्तानबाट युक्तको शव आउने पर्खाइमा छन्। मंगलबारसम्म शव आइपुग्ने अनुमान रहेको अर्का स्थानीय तथा नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघका अध्यक्ष तुलसी गुरुङको भनाइ छ। 'दिनरात उनको घरपरिवारलाई कुरिरहेका छौं', गुरुङले भने, 'पर्सिसम्म शव आइपुग्छ कि भन्ने कुरा छ। अन्त्येष्टि र किरिया कर्म नगरुञ्जेलसम्म गाउँलेहरूले यसरी नै भेला भएर घर, परिवारलाई कुरिरहने छौं।'

घरमा युक्तकी श्रीमती भीमकुमारी र युगेन बस्छन्। नवलपुरमा रहेका बुबा र आमा पनि छोराको निधनको खबर पाउनेबित्तिकै काभ्रेस्थली आइपुगेको स्थानीय



धनप्रसाद गुरुङले बताए। 'साह्रै दुःखलाग्दो घटना भयो', उनी भन्छन्, 'लाप्राकले मात्र होइन, देशले नै एक साहसिलो, भरोसालाग्दो, जुझारु र इमान्दार युवा गुमायो।' उदीयमान आरोही युक्तले गाउँघरमा शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि योगदान गरेको उनले बताए।

सुनार गुरुङका अनुसार युक्त तिब्बतस्थित सिसापाङ हिमाल आरोहणको तयारीमा थिए। तर, त्यहाँको अनुमति नमिलेकाले तीन साताअघि पाकिस्तान गएका थिए। 'अगाडि बढेपछि कहिल्यै पछाडि नफर्कने अत्यन्त प्रभावशाली युवालाई गुमाइयो', सुनार गुरुङले भने, 'धेरै नबोल्ने, आफ्नो लक्ष्य पूरा गरेर मात्र छोड्ने उनको स्वभाव थियो। सानै उमेरमा धेरै कीर्तिमान राख्न सफल थिए। लाप्राक र देशको नाम उच्च राख्न सक्ने युवा भनेर हामी अनुमान गर्थ्यौं तर दुःखद् घटना भयो।'

२०४५ सालको पुस ९ गते धार्चे ४ लाप्राकमा जन्मिएका युक्त गुरुङले १० पटक सगरमाथाको आरोहण गरिसकेका थिए। उनले पछिल्लो पटक गत मे २० मा सगरमाथाको शिखरमा पाइला टेकेका थिए।

निर्मल पुर्जाको इलाइट एक्सपेन्ड कम्पनीमा आवद्ध भएर हिमाल आरोहणको काम गरिरहेका उनले हालसालै मात्र अन्तर्राष्ट्रिय पर्वतारोहण पथप्रदर्शकको प्रमाणपत्र प्राप्त गरेका थिए। १० पटकसम्म सगरमाथा आरोहण गरेपछि उनी शेर्पा समुदायबाहेक सबैभन्दा धेरैपटक सगरमाथाको शिखरमा पुग्ने आरोही बन्न सफल भएका छन्। उनले सन् २०२५को मे १९ देखि यो वर्षको मे २० सम्म तीन पटकसम्म सगरमाथा आरोहण गरेका छन्। २०२५ को मे १९, अक्टुबर १५ र २०२६ को मे २० मा उनले सगरमाथाको सफल आरोहण गरेका हुन्।

गुरुङ गण्डकी अल्पाइन क्लबका कोषाध्यक्षसमेत हुन्। उनले सन् २०११ देखि सगरमाथाको सफल आरोहण गर्न सुरु गरेका हुन्। त्यसयता उनले सन् २०१७ मा, २०१८ मा, २०१९ मा २०२२ मा दुईफेर, २०२४ मा पनि सफल आरोहण गरिसकेका छन्।

यो वर्ष उनले एकै सिजनमा ८ हजार मिटरभन्दा अग्ला तीन हिमाल आरोहण गरेका छन्।

एसएसबीले बाँध भत्काएको भन्दै सुस्तावासी आक्रोशित



हरि शर्मा | *परासी*

नारायणी नदीको कटानबाट नवलपरासीको सुस्ता गाउँलाई जोगाउनका लागि निर्माण गरेको बाँधलाई भारतीय एसएसबीले भत्काएको भन्दै स्थानीय आक्रोशित भएका छन्।

वर्षायाममा नारायणीको भेलले कटान गर्न थालेपछि साउन १५ गते स्थानीयले बोरामा माटो भरेर अस्थायी बाँध निर्माण गरेका थिए। तर, आइतबार बिहान सादा पोसाकमा आएका १०/१५ जना एसएसबीले उक्त बाँध भत्काएको सुस्ता बचाऊँ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले बताए।

पहिलो चरणमा नारायणी नदी किनारको एक किलोमिटर क्षेत्रको तटबन्धन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। त्यही एक किलोमिटरबाट जोडेर बनाउन लागिएको दोस्रो चरणको थप १३२ मिटर क्षेत्रको तटबन्धन कार्यलाई दुई महिना अघिबाट एसएसबीले रोकेको थियो। त्यही रोकेको स्थानबाट नदीको भेल पस्न थालेपछि अहिले स्थानीयले अस्थायी बाँध बनाएका हुन्। त्यसैलाई एसएसबीले रोकेको हो। सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण नवलपरासीका एसपी गोविन्द खातीले अस्थायी रुपमा मानिएको दसगजा क्षेत्रनजिक स्थानीयले थुपारेको माटो भारतीय पक्षले हटाएको जानकारी पाउन साथ सशस्त्र प्रहरीको टोली परिचालन गरी दुवै पक्षलाई सम्झाइएको बताए। सुस्तामा सीमा स्तम्भ नहुँदा दुवै देशका सुरक्षा अधिकारीको सहमतिअनुसार सिमलको रुखलाई अस्थायी सीमा संकेतका रूपमा मानिँदै आएको छ।

भारतीय पक्षले उक्त रुखबाट करिब दुई सय मिटर पर रहेको अर्को रुखभन्दा अगाडि नबढ्न भन्दै आएको छ। अगाडि नबढ्न भनेकै ठाउँनजिक माटो खसालेर बाँध बाँधेको भन्दै एसएसबीले हटाएको एसपी खातीले बताए। यद्यपि स्थानीयले भने आफूहरूले भारतीय पक्षले भनेको सीमाभन्दा करिब ५० मिटर पछाडि नदीको भेल रोक्न माटो राखेको दाबी गरेका छन्। घटनापछि अहिले सिमलको रूख आसपासमा थप हतियारसहित एसएसबीको सुरक्षा टोली परिचालन गरिएको स्थानीयले बताएका छन्। तर, सशस्त्र प्रहरीका एसपी खातीले भने त्यहाँको अवस्था सामान्य रहेको बताएका छन्।

नारायणी नदी पारि रहेको सुस्ता गाउँपालिका-५ स्थित सुस्ता गाउँमा करिब ४ सय घरपरिवारको बसोबास छ। गाउँलाई नदीको जोखिमबाट जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना चितवनले पहिलो चरणमा साढे ११ करोडको लागतमा तटबन्धन कार्य गरिरहेको छ। दोस्रो चरणअन्तर्गत थप १ करोड ४६ लाखको लागतमा निर्माण सुरु गरिएको १३२ मिटर तटबन्धनको काम भारतीय अवरोधका कारण रोकिएको हो।

सुस्ताको कुल क्षेत्रफल ४० हजार ९८० हेक्टर रहेको छ। भारतीयको अतिक्रमणका कारण हाल सुस्ताबासीले ७ हजार हेक्टर भूमि मात्र उपयोग गर्दै आएका छन्। १४ हजार ५ सय हेक्टर भूमि भारतले अतिक्रमण गरिसकेको र १९ हजार ४८० हेक्टर क्षेलाई विवादित भन्दै प्रयोग गर्न दिइएको छैन। विवादपछि उक्त भूमिमा दुई देशका जिल्लास्थित सुरक्षा प्रमुखहरूको बैठकले उक्त क्षेत्र कसैले पनि उपयोग नगर्ने सहमति गरिएको छ।

एक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याइयो

चितवन (अन्नपूर्ण) : भरतपुर महानगरपालिकाको रोजगार तथा उद्यमशीलता विभागले गत आर्थिक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याएको छ। श्रम स्वीकृत लिएर वैदेशिक रोजगारमा गएकाहरूको मृत्युपछि प्रक्रिया पूरा गरी शव नेपाल ल्याइएको हो।

विभागका प्रमुख सन्देश वाग्लेका अनुसार भरतपुर महानगरपालिकाका बासिन्दा श्रम स्वीकृति लिएर गएकाहरूको विदेशमा मृत्युपछि निःशुल्क शव नेपाल ल्याइएको हो। उनीहरूको शव कुवेत, युनाइटेड अरब इमिरेट्स (यूएई), कतार, साउदी अरब र पोर्चुगलबाट नेपाल ल्याइएको हो। हृदयाघात भएर, आत्महत्या, दुर्घटनामा परेर लगायत कारणले उनीहरूको मृत्यु भएको थियो।

प्रमुख वाग्लेका अनुसार विदेश जानुअघि महानगरपालिका वा नेपाल सरकारको कुनै आधिकारिक निकायबाट श्रम स्वीकृत गरेर गएकाहरूको शव महानगरले झिकाउने गर्दछ। श्रम स्वीकृतिका क्रममा निजहरूको स्वास्थ्य बिमा गर्ने गरिन्छ। वैदेशिक रोजगार बोर्डले निजहरूबाट कल्याणकारी कोषमा पनि रकम राख्ने गर्दछ।

खेतसँगै...

रोपेको धान आँखैअगाडि सुक्दै जाँदा किसानहरूको अनुहारमा निराशा र चिन्ताको रेखा झन् गहिरिँदै गएको छ।

वर्षभरि परिवारको भोक मेटाउने आशामा रोपिएको मुख्य अन्नबाली नै खेतमै सुक्न थालेपछि उनीहरूको मेहनतसँगै लाखौको लगानी पनि डुब्ने जोखिममा परेको छ। अझ धान रोप्नकै लागि साहु, सहकारी र बैंकबाट लिएको ऋण कसरी तिर्ने भन्ने चिन्ताले किसानहरूलाई दिनभन्दा रातले बढी मन पोल्न थालेको छ।

'धान रोप्दा ऋण लिएर बिउ, मल र मजदुरी जुटायौं। अहिले खेतमा धान होइन, हाम्रो त्यही धान पनि सुकिरहेको छ,' जगमोहन भन्छन्, 'बाली उठेन भने ऋण कसरी तिर्ने ? घरपरिवार कसरी पाल्ने ? यही चिन्ताले रातभर निद्रा लाग्दैन। आँखामा निद्रा होइन, खेतको चिन्ताले आँसु भरिन्छ।' उनीजस्तै धेरै किसान भविष्य सोच्दा भावुक हुन्छ। धाँजा फाटेको खेत देखाउँदै गडिरियाले भने, 'ऊ त्यो चिरा परेको खेत भैं फाटेको छ यो मन पनि।'

यी किसानको भनाइ र उनीहरूले भोग्नु परेको अवस्थाले किसान र कृषिप्रति राज्यको नीतिगत असफलता र किसानको वास्तविक अवस्थामाथिको प्रश्न खडा गरेको छ। त्यतिमात्र हैन चर्किएका खेतका गराहरूको सुक्दै गरेका धानका बोटहरू सामुन्ने उभिएका गडरिया राज्यलाई प्रश्न गर्छन्, 'तिम्रो नीति कहाँ चुक्यो, नियत कहाँ हरायो ?'

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था

A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

Unaudited Condensed Statement of Financial Position
As on Fourth Quarter Ended 2082/83

Particulars	Amount (NPR) This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalents	1,037,414,608	638,587,437
Statutory Balances and due from Nepal Rastra Bank	26,000,000	24,000,000
Placement with Bank and Financial Institutions	15,602,719	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	4,962,718,639	4,895,696,504
Investment Securities	1,200,000	1,200,000
Current Tax Assets	9,739,374	24,961,804
Investment Property	-	-
Property and Equipment	36,327,478	45,715,137
Goodwill and Intangible Assets	457,405	58,930
Deferred Tax Assets	15,105,384	15,105,384
Other Assets	42,417,100	24,817,888
Total Assets	**6,146,982,707**	**5,670,143,083**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,272,164,229	1,104,750,903
Borrowings	4,008,545,142	3,828,103,650
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	233,463,299	209,280,637
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,514,172,670**	**5,142,135,189**
Equity		
Share Capital	341,086,036	319,818,130
Share Premium	45,543,048	45,543,048
Retained Earnings	92,521,017	38,651,242
Reserves	153,659,936	123,995,475
Total Equity	**632,810,037**	**528,007,894**
Total Liabilities and Equity	**6,146,982,707**	**5,670,143,083**

Condensed Statement of Profit or Loss
For the Fourth Quarter Ended Asar 2083

Particulars	Amount (NPR) Current Year This Quarter	Current Year Upto This Quarter	Previous Year Corresponding This Quarter	Previous Year Corresponding Upto This Quarter
Interest Income	188,659,296	711,423,944	202,170,752	673,383,079
Interest Expenses	65,162,945	269,232,924	75,984,644	302,488,850
Net Interest Income	**123,496,351**	**442,191,020**	**126,186,108**	**370,894,229**
Fees and Commission Income	16,199,859	48,933,350	9,925,120	53,973,204
Fees and Commission Expense	953,948	1,068,441	119,238	958,693
Net Fee and Commission Income	**15,245,911**	**47,864,909**	**9,805,882**	**53,014,511**
Net Interest, Fees and Commission Income	**138,742,262**	**490,055,930**	**135,991,990**	**423,908,741**
Net Trading Income	-	-	-	-
Other Operating Income	2,189,843	4,990,973	(1,752,278)	-
Total Operating Income	**140,932,105**	**495,046,903**	**134,239,713**	**423,908,741**
Impairment charge/(reversal) for loan and other losses	27,029,655	60,772,238	31,406,018	38,228,954
Net operating income	**113,902,449**	**434,274,665**	**102,833,694**	**385,679,787**
Operating Expense				
Personnel Expenses	52,849,050	197,256,391	51,550,444	197,715,104
Other Operating Expense	19,019,230	67,154,543	17,846,004	64,436,452
Depreciation and Amortisation	5,525,785	17,667,178	4,447,724	18,122,188
Operating Profit /(Loss)	**36,508,384**	**152,196,554**	**28,989,522**	**105,406,043**
Non-Operating Income	-	103,492	-	-
Non-Operating Expense	-	-	37,808	37,808
Profit/(Loss) before Income Tax	**36,508,384**	**152,300,045**	**28,951,714**	**105,368,235**
Income Tax Expense				
Current Tax	10,952,515	45,690,014	13,699,942	36,624,898
Deferred Tax	-	-	(2,719,106)	(2,719,106)
Profit/(Loss) for the Period	**25,555,869**	**106,610,032**	**17,970,878**	**71,462,442**

Condensed Statement of Comprehensive Income

Particulars	Amount (NPR) Current Year This Quarter	Current Year Upto This Quarter	Previous Year Corresponding This Quarter	Previous Year Corresponding Upto This Quarter
Profit/(Loss) for the Period	**25,555,869**	**106,610,032**	**38,281,727**	**71,462,442**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**25,555,869**	**106,610,032**	**38,281,727**	**71,462,442**
Earnings per share				
Basic earnings per share	-	31.26	-	22.34
Annualized Basic Earnings per share	-	31.26	-	22.34
Diluted earnings per share	-	31.26	-	22.34

Ratios as per NRB Directive

Particulars	Current Year This Quarter	Current Year Upto This Quarter	Previous Year Corresponding This Quarter	Previous Year Corresponding Upto This Quarter
Capital Fund to RWA	-	11.18%	-	8.54%
Non Performing loan(NPL) to Total Loan	-	9.04%	-	7.48%
Total Loan Loss Provision to Total NPL	-	38.02%	-	30.48%
Cost of Funds	-	5.55%	-	6.48%
Credit to Deposit and Borrowing Ratio	-	93.98%	-	99.83%
Base Rate	-	11.70%	-	12.72%
Interest Rate Spread	-	8.30%	-	8.52%

Statement of Distributable Profit or Loss
For the Fourth Quarter Ended Asar 2083
As per NRB Regulation

	Amount (NPR)
Net profit/(loss) as per Statement of Profit or Loss	**106,610,032**
Appropriation	
a. General Reserve	21,322,006
b. Exchange Fluctuation Fund	-
c. Capital Redeemption Reserve	-
d. Corporate Social Responsibility Fund	1,066,100
e. Employee Training Fund	-
f. Other (Client Protection Fund)	2,132,201
Profit/(loss) before regulatory adjustment	**82,089,724**
Regulatory Adjustments	
a. Interest receivable (-)/previous accrued interest received (+)	(5,832,680)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-
h. Actuarial loss recognised (-)/reversal (+)	-
i. Other	-
Net Profit/(Loss) for the Qtr. end available for Distribution	**76,257,045**
Opening Retained Earning As on Shrawan 1, 2082	**38,651,242**
Adjustments	
Distribution	
Bonus Share issued	(21,267,906)
Cash Dividend Paid	(1,119,363)
Total Distributable Profit/(Loss) as on Qtr. end	**92,521,017**
Annualized Distributable Profit/(Loss) per share	27.13

Note:
1. The Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Figures presented above may vary with the audited figures if instructed by regulators/statutory auditor.
3. Loans and Advances are presented net of impairment charges.
4. Actuarial Valuation will be done on an annual basis for Employee Benefits.
5. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.

Interest Rate

Loan and Advance : 1. Fixed Interest Rate : 13.88 %, 2. Adjustable Interest Rate : (Average Base Rate + 1.95 Premium) %
Interest Rate on Deposits : 7.5 % to 8.91%
Average Base Rate : 11.93% (Effective for 1st Quarter 2083/84)
Note: The detailed interim financial report has been published in the website (https://www.himalayanlaghubitta.com)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आर्थिक वर्ष २०८२/८३ को चौंथो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण** :

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यस त्रैमासिक अवधिको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई संस्थाको वेबसाइट : www.himalayanlaghubitta.com मा पनि राखिएको छ।

(ख) यस हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड (हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी) मा श्री हिमालयन बैंक लिमिटेडको ५१ प्रतिशत संस्थापक सेयर र सर्वसाधारणको ४९ प्रतिशत सेयर स्वामित्व रहेको छ। यस वित्तीय संस्थासँग सम्बन्धित पक्षसँगको कारोवार निम्न बमोजिम रहेको छ।

सम्बन्धित पक्ष	बैंक मौज्दात	तिर्न बाँकी सापटी	सापटीमा यस आ.व.मा भुक्तानी गरिएको ब्याज खर्च	सेयर रजिष्टार सेवा खर्च
हिमालयन बैंक लिमिटेड	रु. ५०,९५,८३,८५१/१५	रु. २,४८,६४,२५,२७१/१७	रु. ९,३१,४४,०३७/६७	-
हिमालयन क्यापिटल लिमिटेड	-	-	-	१,५०,०००/-

(ग) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति सेयर आम्दानी अनुपात (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति सेयर नेटवर्थ	प्रति सेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
३१/२६	२७/८१	१६२/५२	१८०२/१८	२०/४३

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
केही वर्षदेखि वित्तीय क्षेत्रमा फैलाइएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले लघुवित्त क्षेत्रमा परेको असर कायमै रहिरहेको तथा जेन-जी आन्दोलनको असरको कारण कर्जा असुली दरमा प्रभाव परेता पनी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत तथा कर्जा लगानी सकारात्मक रहेको छ। बजारमा लगानी योग्य पूँजीको सहज उपलब्धताले गर्दा कोष लागतमा कमी भई संस्थाको आम्दानीमा सकारात्मक परिवर्तन देखिएको छ। व्यवस्थापनबाट लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमहरुलाई उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोबारहरु संचालन गरिएको छ। आगामी दिनमा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमशः सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रियस्तरको कार्यक्षेत्रको इजाजतपत्रप्राप्त यस वित्तीय संस्थाले गुणात्मक वृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडि सारेको छ। फलस्वरुप यस संस्थाले ७५ शाखा कार्यालयहरु मार्फत ८३,०४७ विपन्न घरपरिवारका ग्राहक सदस्यहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। लघुवित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लैजाने लक्ष्यका साथ कार्य भैरहेको छ। संस्थाले नविनतम् प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वासिलो एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रमलाई निरन्तरता दिईरहेको छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
लघुवित्त विरुद्धको आन्दोलन, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलताको अभावको कारण लागत बढ्ने, आर्थिक वर्ष २०८२/८३ देखि आधार दर अनुसार कर्जाको ब्याजदर गणना गर्नुपर्ने व्यवस्थाले गर्दा कर्जाको ब्याजदरमा घटी/बढी हुने आदि जस्ता कारणले गर्दा संस्थाको आम्दानीमा प्रत्यक्ष असर पर्नेछ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडि बढ्ने नीति यस संस्थाले लिएको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** :

(क) यस त्रैमासिक अवधिमा संस्थाले मोरङ जिल्लामा रहेको टाँडी शाखामा कर्मचारीले गरेको रकम अपचलनको आधारमा सम्बन्धित कर्मचारीको नाममा जिल्ला प्रहरी कार्यालय मोरङमा आवश्यक कानुनी प्रक्रिया अगाडी बढाउनको लागि बैंकिङ कसुरको जाहेरी दरखास्त दर्ता गरिएको छ। यस संस्था विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) नेपाल सरकार, नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइटः www.nepalstock.com अनुसार त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
रु. ९४३/-	रु. ८३०	रु. ८६९/४०	६४	१२१२

५. **समस्या तथा चुनौती** :

(क) लघुवित्त विरुद्ध संघर्ष समितिमा आवद्ध केही व्यक्तिहरुले केन्द्र बैठक संचालनमा अवरोध गर्ने, ऋणीहरुलाई कर्जाको किस्ता नतिर्नु भन्ने गलत प्रचारबाजीको कारण निस्कृय ऋणीका साथै राम्रो व्यवसाय गरेर बसेका ग्राहकसमेतले किस्ता तिर्न अटेर गरेको कारण कर्जा असुलीदरमा समस्या रहेकोले लघुवित्त व्यवसायको निरन्तरतालाई कायम राख्न चुनौती थपिएको छ।

(ख) बढ्दो प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव, सञ्चालन खर्चमा हुनसक्ने वृद्धि तथा नीतिगत परिवर्तनबाट सृजना हुनसक्ने चुनौती छ।

(ग) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार तथा सूचना प्रविधि आदिको अभाव छ।

(घ) अप्रत्याशित रुपमा आईपर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौती छ।

६. **संस्थागत सुशासन** :

यस वित्तीय संस्थाले विद्यमान ऐन कानुन तथा नीतिनियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि सदैव प्रतिबद्ध रहेको छ। साथै, वित्तीय संस्थाका सेयरधनिहरु प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्णरुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियमअनुसार संस्था सञ्चालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाववमोजिम कार्यान्वयन गर्दै आएको छ। लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्थाको लागि कर्जाको सुरक्षण, बीमा तथा सदस्यहरुलाई अप्ठ्यारो परेको वेला सहयोग पुऱ्याउने उद्देश्यले ग्राहक संरक्षण कोषको व्यवस्था गरिएको छ। ग्राहक सदस्यसँग भएको आर्थिक करोबार SMS Alert तथा मोवाइल पासबुक मार्फत समेत जानकारी गराउने गरिएको छ। यस वित्तीय संस्थाको सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन विभिन्न समितिहरु गठन गरी कार्य सचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन सञ्चालक समिति कटिबद्ध रहेअनुसार कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।


७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।

OCR Reg. No. 1287/067/068 NRB License No. "Gha"/24/068/069 PAN 305039624

रेडक्रसको विधान संशोधन, एक व्यक्ति-एक पदको प्रस्ताव

सुरेन्द्र काफ्ले | *काठमाडौं*



- ४० वर्षदेखिको नेतृत्व दोहोरिने प्रवृत्तिमा नयाँ विधानको ब्रेक
- तीन कार्यकालमध्ये एक कार्यकाल महिलामात्र अध्यक्ष बन्न पाउने

नेपाल रेडक्रस सोसाइटीको विधानमा संशोधन गरी संघीय समितिमा जम्मा १५ जना मात्रै सदस्य रहने व्यवस्था गरिएको छ। जसमा ४ जना पदाधिकारी र ११ जना सदस्य रहने छन्। सदस्यमा ९ जना निर्वाचित र २ जना पदेन सदस्य रहने छन्। संघीय समितिमा अध्यक्ष, उपाध्यक्ष (महिला), महासचिव र कोषाध्यक्ष मात्रै हुनेछन्। संघीय समितिलाई युवा र महिला मैत्री बनाइएको छ। खुला सदस्यमा प्रत्येक प्रदेशबाट १/१ जना हुन्छन्। जसमा ३ जना महिला ३ प्रदेशबाट पहिलोपटक निर्वाचित हुनेछन्। अर्को ४ वर्षमा ४ वटा प्रदेशबाट ४ महिला गरी ७ जना निर्वाचित हुने व्यवस्था गरिएको छ। अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, दलित, यौनिक अल्पसंख्यकमध्येबाट १, अपांगताबाट १ र संघीय युवा आयोगका अध्यक्ष र महिला प्रतिनिधि २ जना पदेन सदस्य हुनेछन्।

त्यस्तै, प्रदेश र पालिका समितिमा १३/१३ सदस्य रहने छन्। नयाँ विधानमा तीनै तहमा 'एक व्यक्ति-एक पद' को नीति लागू गर्ने व्यवस्था गरिएको छ। नयाँ विधानमा संगठनलाई संघीय संरचनाअनुसार संघ, प्रदेश र पालिका गरी तीन तहमा पुनर्संरचना गरिएको छ। जिल्लास्तरका समिति अब समन्वय समिति मात्रै रहनेछन्।

संस्थाको सञ्चालन निकाय र कार्यान्वयन गर्ने व्यवस्थापनको भूमिका छुट्ट्याइएको छ भने मूल समितिको कार्यकाल तीन वर्षबाट चार वर्ष पुऱ्याउने प्रस्ताव गरिएको छ।

प्रस्तावमा तीनै तहै तहको मूल समितिमा मनोनीत सदस्य तथा तत्कालीन निवर्तमान अध्यक्ष स्वत: सदस्य रहने व्यवस्था हटाइएको छ। निर्वाचनका लागि दर्ता भएका र नियमित रूपमा सदस्यता अद्यावधिक गरेका सदस्यले तोकिएको मापदण्ड पूरा गरे कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्न पाउने व्यवस्था गरिएको छ।

विधान संशोधनमा विपन्न, लोपोन्मुख तथा पिछडिएका समुदाय, अपांगता भएका व्यक्ति र युवालाई सदस्यता शुल्कमा छुट दिने व्यवस्था पनि समेटिएको छ। साथै, संघमा नीति महाधिवेशन र वार्षिक साधारण सभाको व्यवस्था गर्दै संगठनको संरचना, गठन, सञ्चालन र व्यवस्थापनलाई तीनै तहमा एकरूप बनाउने प्रस्ताव गरिएको छ।

राजनीति निषेध रेडक्रसले प्रस्तावित १९औं विधान संशोधनमार्फत संस्थामा राजनीतिक हस्तक्षेप नियन्त्रण, सुशासन र अन्तर्राष्ट्रिय मापदण्डअनुसार संगठनलाई पुनर्संरचना गर्ने व्यवस्था अघि सारिएको छ। सबै खाले समिति र आयोगमा राजनीतिक दल वा तिनका भ्रातृ संगठनसँग प्रत्यक्ष आबद्ध व्यक्ति कुनै पनि समिति वा आयोगमा बस्न नपाउने व्यवस्था गरिएको छ।

यस्ता व्यक्ति रेडक्रसको कुनै पदमा उम्मेदवार बन्न चाहेमा सम्बन्धित राजनीतिक पदबाट राजीनामा दिएको र राजीनामा स्वीकृत भएको कम्तीमा छ महिना (कुलिङ अफ अवधि) पूरा गरेको हुनुपर्ने छ।

पालिका समितिका सबै पदाधिकारी तथा सदस्यले प्रदेश र संघीय समितिको निर्वाचनमा प्रत्येक जिल्ला-जिल्लामा हुने निर्वाचन/मतदान केन्द्रमा गएर प्रदेश र संघीय समितिका उम्मेदवारलाई मतदान गर्न पाउने फराकिलो हक सुनिश्चित गरिएको छ।

प्रस्तावित संशोधनमा नेपाल सरकारको कार्यादेश, संविधान तथा प्रचलित कानुनसँगै अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट आन्दोलनका मापदण्ड र सम्बन्धित अन्तर्राष्ट्रिय निकायका सुझावलाई पनि समावेश गरिएको जनाइएको छ। यो जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत भइरहेका छ।

रेडक्रसमा हरेक तीन कार्यकालमध्ये एक कार्यकाल महिलामात्र अध्यक्ष

रेडक्रसको संशोधित विधानले तीन कार्यकालमध्ये एक कार्यकाल महिलामात्र उठ्न पाउने व्यवस्था गरिएको छ। विधान कार्यान्वयनमा आएसँगै संघीय समितिमा तेस्रो कार्यकालमा महिलाले मात्र अध्यक्षको उम्मेदवार हुन पाउने व्यवस्था राखिएको छ।

प्रदेश र पालिकाहरूमा अबको निर्वाचनबाटै महिलालाई अध्यक्ष बनाउने गरी विधानको कार्यान्वयन हुन लागेको हो। प्रदेशको नामको वर्णानुक्रमअनुसार यसै वर्षबाट चारवटा प्रदेशमा महिला उम्मेदवार हुनेछन् भने अन्य तीन प्रदेशमा खुला प्रतिस्पर्धा हुनेछ। पालिकाको हकमा जिल्लाका ५० प्रतिशतमा पालिकामा पहिलो वर्णानुक्रम अनुसारका महिलाले मात्र उम्मेदवारी दिन पाउने र अन्यमा खुला प्रतिस्पर्धा हुने गरी विधान बनाइएको छ।

रेडक्रसको विधानले हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गरिएको छ। नेपाल रेडक्रसको इतिहासमा अहिले पनि पालिका, जिल्ला, प्रदेश र संघीय संरचनाको नेतृत्वमा महिलाहरूको संख्या नगन्य मात्र रहेकाले यो व्यवस्था राखिएको रेडक्रस अध्यक्ष डा विशालकुमार भण्डारीले बताए। उनले भने, 'नेपाल रेडक्रसको विधान सामाजिक रूपान्तरण एवं महिला सहभागिताको हिसाबले यो विधान ऐतिहासिक छ। गाउँ-गाउँमा महिला दिदीबहिनीको संख्या ठूलो छ। मानवीय सेवामा महिलालाई समाहित गर्ने उद्देश्यले नयाँ ढंगले विधान बनाइएको हो। रेडक्रस अभियानमा लाग्ने महिलाहरूले अब रेडक्रसको नेतृत्व गर्ने अवसर सिर्जना भएको छ।'

विधानले पालिका, प्रदेश र केन्द्रको उपाध्यक्षमा महिला मात्र उठ्न पाउने पुरानो प्रावधानलाई यथावत् राखेको छ। यस्तै हरेक संरचनामा युवा महिलाको सहभागिता पनि सुनिश्चित गरेको जनाइएको छ।

लामो समयदेखि रेडक्रसको विधान सम्बोधन अवरुद्ध हुँदै आएको छ। विगतका समिति विधान संशोधनको प्रस्ताव गरे पनि पार लगाउन सकेका थिएनन्। विधान नै संशोधन हुन नसक्दा २०७४ यता रेडक्रसको साधारणसभा पनि हुन सकेको छैन। जसले गर्दा नयाँ निर्वाचित समिति बन्न नसकेको अवस्था छ।

२०७४ देखि तदर्थ समितिले रेडक्रस चलाइरहेको अवस्था छ। विगतमा अफआरआईसीले निलम्बन गर्ने अवस्थामा समेत रेडक्रस पुगेको थियो। मानवीयको लागि बनेको रेडक्रसमा भ्रष्टाचार र अनियमितता पनि त्यस्तै छ। नातावाद कृपावाद पनि उस्तै छ। ४० वर्ष भन्दा लामो समयदेखि एउटै व्यक्ति रजगज पनि छँदैछ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

ऋण/कर्जा चुक्ता भुक्तानी गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०४/१८

तपसिलमा उल्लेखित ऋणी/ऋणी कम्पनीले यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट विविध कर्जा शीर्षक अन्तर्गत कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य दैदस्तूर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृत पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, ब्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले ऋण/कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कर्जा लिएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज लगातयअन्य दैदस्तूर चुक्ता भुक्तानी गर्नुहुन ऋणीलाई अनुरोध छ। साथै, ऋणी/ऋणी कम्पनीका जिम्मेवार पदाधिकारीहरु तथा तपसिलमा उल्लेखित शिर्षकका कर्जाहरुको लागि व्यक्तिगत जमानत दिनेहरु तपसिलका उल्लेखित व्यक्तिहरुलाई समेत ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको जानकारी गराउँछौं। उपरोक्त समयावधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी हुन नसकेको खण्डमा बैंकले आफ्नो लेना असुल उपर गर्नको लागि ऋणी/ऋणी कम्पनीको नाममा कर्जाका लागि बैंकको नाममा लेखिदिनु भएको तपसिलमा उल्लेखित चल/अचल धितो सम्पत्तिहरु लिलाम बिक्री गर्नुका साथै थप कानुनी कारवाही गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै, उल्लेखित म्यादभित्र ऋण/कर्जा चुक्ता भुक्तानी नगर्ने तपसिल बमोजिमका ऋणी/ऋणी कम्पनीका संस्थापक/संचालकहरु, तोकिए बमोजिम शेयर लिने शेयरधनीहरु र ऋणसँग सम्बन्धित सबै पक्षहरुलाई नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशन बमोजिम कालोसूचीमा समेत राखी आवश्यक कानुनी कारवाही अगाडि बढाईने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालय : बाग्लुङ्ग

१. कर्जा शिर्षक : भु.पू. प्लस कर्जा

ऋणी : श्री लाल सार्की (पेन्सन पट्टामा लाल बहादुर नाम रहेको)

जमानतकर्ताहरु

१. नाम : श्री लाल सार्की (पेन्सन पट्टामा लाल बहादुर नाम रहेको)
ना.प्र.नं. १४४८२, जि.प्र.का. पर्वत
जारी मिति : २०४५/१२/२२ मा जारी भई मिति २०७४/१२/१४ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : तुलसे सार्की, बाजेको नाम : बसन्त सार्की
ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ७

२. नाम : मेरी सार्की
ना.प्र.नं. ५१-०१-७७-०२७६९, जि.प्र.का. पर्वत
जारी मिति : २०७७/१२/१७
बाबुको नाम : श्री लाल सार्की
बाजेको नाम : तुलसे सार्की
ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ७

३. नाम : इन्द्र बसेल
ना.प्र.नं. ५१-०१-७६-०२४४३, जि.प्र.का. पर्वत, जारी मिति : २०७६/०८/०८
बाबुको नाम : श्री लाल सार्की, बाजेको नाम : तुलसे सार्की
ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ७

२. कर्जा शिर्षक : भु.पू. कर्जा

ऋणी : कृष्ण बहादुर कामी (पेन्सन पट्टामा कृष्ण बहादुर पुन नाम रहेको)

जमानतकर्ताहरु

१. नाम : कृष्ण बहादुर कामी (पेन्सन पट्टामा कृष्ण बहादुर पुन नाम रहेको)
ना.प्र.नं. १०७९, जि.प्र.का. पर्वत
जारी मिति : २०४६/०१/२८ मा जारी भई मिति २०७७/०९/२९ मा चौथो प्रतिलिपि जारी
बाबुको नाम : कुमरास कामी
बाजेको नाम : श्री कृष्ण कामी
ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. १

२. नाम : विष्णुमति कामी
ना.प्र.नं. १३९२, जि.प्र.का. पर्वत
जारी मिति : २०४६/०१/३० जारी भई मिति २०७०/०८/०९ मा दोस्रो प्रतिलिपि जारी
पतिको नाम : कृष्ण बहादुर कामी
ससुराको नाम : कुमरास कामी
स्थायी ठेगाना : पर्वत जिल्ला, पाड गा.वि.स. वडा नं. ८
हालको ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. १

शाखा कार्यालय : मिचैया, सिरहा

कर्जा शिर्षक : सवारी साधन कर्जा

ऋणी

नाम : आर एस कलेक्सन
दर्ता नं. ४१११/२०७१/०७२, दर्ता मिति : २०७१/०८/०५
रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला, मिचैया न.पा. वडा नं. ६, **प्रोप्राईटर : बबिता कुमारी साह**

जमानतकर्ताहरु

१. नाम : बबिता कुमारी साह
ना.प्र.नं. १५१०२४/७५१७, जि.प्र.का. सिरहा
जारी मिति : २०६७/०७/३०
पतिको नाम : संजीव कुमार साह
ससुराको नाम : शम्भु साह
स्थायी ठेगाना : सिरहा जिल्ला, हनुमान नगर प्र.ध. गा.वि.स. वडा नं. ७
हालको ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ४

२. नाम : संजीव कुमार साह
ना.प्र.नं. १८३०६१/५, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/१०/०१
बाबुको नाम : शम्भु साह
बाजेको नाम : शिव करण साह
स्थायी ठेगाना : महोत्तरी जिल्ला, भंगहा गा.वि.स. वडा नं. ३
हालको ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ४

सवारी साधनको विवरण

मोडेल	सवारी दर्ता नं.	बनेको मुलुक/साल	सिट क्षमता/सि.सि.	पेट्रोल वा डिजेल	रंग
Tata Nexon XZ+	बा २१ च ९०३४	भारत/२०१९	५/१४९७	डिजेल	Glasgow Grey

शाखा कार्यालय : हाकिमचोक, चितवन

कर्जा शिर्षक : भु.पू. कर्जा

ऋणी : अन्जन राज वन्त

जमानतकर्ताहरु

१. नाम : अन्जन राज वन्त
ना.प्र.नं. १९११/०४४, जि.प्र.का. चितवन
जारी मिति : २०५६/०५/०७
बाबुको नाम : गजेन्द्र राज वन्त
बाजेको नाम : पुर्ण राज वन्त
स्थायी ठेगाना : चितवन जिल्ला, गितानगर गा.वि.स. वडा नं. ७
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६

२. नाम : धन माया वन्त
ना.प्र.नं. ५८४, जि.प्र.का. चितवन
जारी मिति : २०४६/०२/१० मा जारी भई मिति २०७४/०२/२१ मा प्रथम प्रतिलिपी जारी
पतिको नाम : गजेन्द्र राज वन्त
ससुराको नाम : पुर्ण राज वन्त
स्थायी ठेगाना : चितवन जिल्ला, गितानगर गा.वि.स. वडा नं. ७
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६

शाखा कार्यालय : बर्दिबास, महोत्तरी

कर्जा शिर्षक : सवारी साधन कर्जा

ऋणीको विवरण : अमृत श्रेष्ठ

जमानतकर्ताहरु

१. नाम : अमृत श्रेष्ठ
ना.प्र.नं. १८-२-०७४/६८८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०७१/१२/०६
बाबुको नाम : पुष्प लाल श्रेष्ठ
बाजेको नाम : कृष्ण बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं. ३

२. नाम : पुष्पलाल श्रेष्ठ
ना.प्र.नं. ०४९३४७९५, जि.प्र.का. महोत्तरी
जारी मिति : २०५६/११/१२
बाबुको नाम : कृष्ण बहादुर श्रेष्ठ
बाजेको नाम : गणेश बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, गौरीवास गा.वि.स. वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

३. नाम : मेगेन्द्र कुमार श्रेष्ठ
ना.प्र.नं. ०४९३४७९६, जि.प्र.का. महोत्तरी
जारी मिति : २०५६/११/१२ मा जारी भई मिति २०७३/०५/०३ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : कृष्ण बहादुर श्रेष्ठ
बाजेको नाम : गणेश बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, गौरीवास गा.वि.स. वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

४. नाम : कृष्ण बहादुर श्रेष्ठ
ना.प्र.नं. १७८४४, जि.प्र.का. रामेछाप
जारी मिति : २०४७/०८/२५
बाबुको नाम : गणेश बहादुर श्रेष्ठ
बाजेको नाम : भाजु लाल श्रेष्ठ
स्थायी ठेगाना : रामेछाप जिल्ला, रामेछाप गाँउ वडा नं. ६
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

५. नाम : सुमित्रा श्रेष्ठ
ना.प्र.नं. १८३०७५/१०६७, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/२३ मा जारी भई मिति २०७३/०५/०३ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : मेगेन्द्र कुमार श्रेष्ठ
ससुराको नाम : कृष्ण बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, गौरीवास गा.वि.स. वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

६. नाम : सीता देवी श्रेष्ठ
ना.प्र.नं. ४९२४८२०९, जि.का. महोत्तरी
जारी मिति : २०४६/०१/१४
पतिको नाम : कृष्ण बहादुर श्रेष्ठ
ससुराको नाम : गणेश बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, गौरीवास नगर/गाउँ पञ्चायत वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

७. नाम : इन्दिरा श्रेष्ठ
ना.प्र.नं. १८३०७५/१०६६, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/२३
पतिको नाम : पुष्पलाल श्रेष्ठ, ससुराको नाम : कृष्ण बहादुर श्रेष्ठ
स्थायी ठेगाना : महोत्तरी जिल्ला, गौरीवास गा.वि.स. वडा नं. ८, हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३

सवारी साधनको विवरण

मोडेल	पेट्रोल/डिजेल	दर्ता नं.	कलर	सिट क्षमता / सि.सि.
Tata Xenon Yodha, SC 4*2, 2021	डिजेल	बा प्र.-०१ ०२६ च ५६४३	सेतो	२/२९५६

शाखा कार्यालय : दमौली, तनहुँ

कर्जा शिर्षक : भु.पू. प्लस कर्जा

ऋणी : सुरेश कुमार गुरुङ्ग

जमानतकर्ताहरु

१. नाम : सुरेश कुमार गुरुङ्ग
ना.प्र.नं. ३९५८७, जि.प्र.का. तनहँ
जारी मिति : २०५६/०९/०५
बाबुको नाम : पदम बहादुर गुरुङ्ग
बाजेको नाम : कालु गुरुङ्ग
स्थायी ठेगाना : तनहँ जिल्ला, सतिश्वारा गा.वि.स. वडा नं. ७
हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९

२. नाम : तेज बहादुर गुरुङ
ना.प्र.नं. २२४०, जि.प्र.का. तनहुँ
जारी मिति : २०४४/११/१६ मा जारी भई मिति २०७७/०३/१५ मा दोस्रो प्रतिलिपी जारी
बाबुको नाम : पदम बहादुर गुरुङ्ग
बाजेको नाम : कालु गुरुङ
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९

३. नाम : दीपा गुरुङ
ना.प्र.नं. ४३१०१९/१३७६, जि.प्र.का. तनहुँ, जारी मिति : २०७०/०४/०३
पतिको नाम : विजय गुरुङ, ससुराको नाम : सुरेश कुमार गुरुङ्ग
स्थायी ठेगाना : तनहुँ जिल्ला, भानु न.पा. वडा नं. २, हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
मिचैया, सिरहा ०३३-५५०६१४, दमौली, तनहुँ ०६५-५६४२५२, बाग्लुङ्ग ०६८-५२२४९१
हाकिमचोक, चितवन ०५६-५९०१९१, बर्दिबास, महोत्तरी ०४४-५५०५१०

दोस्रो...

सुरुङमार्ग निर्माणको ठेक्का 'चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन' ले लिएको छ। इन्जिनियर आनन्दका अनुसार, पाँच वर्षभित्र निर्माणको काम पूरा गर्नेगरी २०७८ साल फागुनमा योजनाको सम्झौता गरिएको थियो। सुरुङ मार्ग निर्माणका लागि स्विस सरकारले सहयोग गरेको छ। सुरुङमार्ग निर्माण क्षेत्रमा १ सय ५० बढी कर्मचारीहरूले अहिले दिनरात काम गरिरहेका छन्।

भौतिक पूर्वाधार निर्माणको मुख्य काम सकिएपछि अब लाइटिङ जडान, भेन्टिलेटर र फायरफाइटिङलगायतका कामहरू गर्न बाँकी रहेको इन्जिनियर आनन्दले जानकारी गराइन्। 'लाइटिङको काम गर्नका लागि पनि सामानहरू आउँदैछन्', उनले भनिन्, 'सकेसम्म दसैं, तिहारलगत्तै सुरुङमार्गबाट गाडीहरू गुड्न मिल्ने गरी काम भइरहेको छ।' उनका अनुसार योजना कार्यालय अहिले भाडाको भवनमा सञ्चालन भइरहेको छ। योजना कार्यालयलाई आफ्नै भवनमा सञ्चालन गर्नेगरी बुटवलस्थित सडक डिभिजन कार्यालय परिसरमा भवन निर्माणाधीन अवस्थामा छ। कार्यालय भवन निर्माण भइरहे पनि सुरुङमार्ग सञ्चालनमा त्यसले बाधा नपुऱ्याउने उनले प्रतिक्रिया दिइन्।

अब, बन्ने छैन मृत्युमार्ग

बर्खामा सधैं सास्ती खेपिरहेका यात्रुहरूले सुरुङमार्ग निर्माण भएपछि राहत पाउने भएका छन्। लुम्बिनी प्रदेशका पहाडी जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठानसहित गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दीका नागरिकहरू यसबाट प्रत्यक्ष लाभान्वित हुनेछन्। सिद्धार्थ राजमार्ग भएर यात्रा गर्ने यात्रुहरूलाई बुटवल पुग्न पाँच किलोमिटर मात्र बाँकी हुँदा यही सडकले तर्साउने गरेको छ। सुरुङमार्ग निर्माणबाहेकको अप्ठ्यारो ठाउँमा रक सेडसहितको सडक निर्माण हुँदैछ। जसले गर्दा सिद्धबाबा क्षेत्रको डरलाग्दो भूगोलभरि सडक सहज हुनेछ।

यस सडक क्षेत्रमा डरलाग्दो भिर छ। बर्खामा गाडी गुडिरहेकै बेला माथिबाट ठूलाठूला ढुंगा र पहिरो खस्दा नागरिकहरू पुरिएर अकालमै ज्यान गुमाएका छन्। कतिपय नागरिकको पहिरो र ढुंगाले फालेर तिनाउ नदीमा पुऱ्याएर ज्यान गुमाएका छन्। घरबाट निस्किएर बुटवल यात्रा गरेकाहरू गन्तव्यमा नपुग्दासम्म घरपरिवारलाई जहिल्यै त्रासको माध्यम यही सडक बनिरहेको छ। पश्चिम नेपालमा निर्माण भएको यो नै एकमात्र सुरुङमार्ग हो। बर्खाको समयमा मृत्युमार्गको रूपले चिनिने सिद्धबाबा सडक सुरुङमार्ग निर्माणले त्यसको परिचय बदलिने नागरिकले प्रतिक्रिया दिएका छन्। कडा चट्टानसहितको सडकमा बर्खाभरि दिनहुँ पहिरो झरेर दुर्घटना हुने गरेका छन्।

सुरुङमार्ग देख्दा उत्साहित छौं

मालिका गाउँपालिका-५ छापहिलेका जिप चालक बसन्त श्रीषले गुल्मीदेखि बुटवलसम्म जिप चलाउन थालेको १२ वर्षभन्दा बढी भयो। उनी दिनहुँ यही सडक भएर ओहोरदोहोर गर्छन्। बुटवल गुल्मीका नागरिकको प्रमुख बसोवास गर्ने थलो हो। बसाइँ सरेर तराईमा आउने प्रमुख सहर पनि गुल्मीका लागि बुटवल नै हो। जिप चालक श्रीषको अनुभवले पनि यतिका वर्षसम्म गाडी चलाउँदा सबैभन्दा त्रासको ठाउँ सिद्धबाबा क्षेत्र भएको सुनाउँछन्।

'५/६ घण्टाको यात्रा गरेर गाउँबाट बुटवल बजार पुगिन्छ', उनले भने, 'घण्टौं यात्रा गर्दा नलागेको त्रास बुटवल पुग्ने लाग्दामात्र पाँच किलोमिटरमा मात्र लाग्ने गर्छ।' अप्ठ्यारोसहितको सिद्धबाबा सडक र बुटवल बजारको दूरी पाँच किलोमिटर मात्र छ। उनले सुरुङमार्ग निर्माणले गति लिएको देख्दा आफूहरूलाई खुसी लागेको प्रतिक्रिया दिएका छन्।

यात्रुहरूको चाप बढी हुँदा दसैं, तिहारमा उनले दिनमै दुई/तीन पटक ओहोरदोहोर गर्नुपर्ने बाध्यता रहेको समेत उनले सुनाए। 'सिद्धबाबा काटेपछि ज्यान जोगिएजस्तो अनुभूति हुन्छ', उनले भने, 'गाडीभित्र बसेका यात्रुहरूले पनि सिद्धबाबा पार गरेपछि घरपरिवारलाई फोन गरेर सिद्धबाबा कटऱ्यौं भनेर खबर गर्नुहुन्छ। त्यसैले पनि यो सडक धेरै डरलाग्दो सडकको रूपमा सबैले चिन्ने गरेका छन्।' सिद्धबाबा सडक क्षेत्रमा दुर्घटनामा परेका प्राय:जसो नागरिकको अकालमै ज्यान गरेको छ।

यही सडक भएर मुस्ताङसहित पोखराका लागि आन्तरिक तथा बाह्य पर्यटकहरू दिनहुँ आउजाउ गर्छन्। लुम्बिनीदेखि मुक्तिनाथको यात्रा गर्नेहरूका लागि पनि यो प्रमुख सडक हो। भैरहवास्थित भारतीय सिमाना नजिक भएकाले यो क्षेत्र अन्य जिल्लाका नागरिकहरूको प्रमुख व्यापारिक थलोको रूपमा परिचित छ।

दैनिक हजारौं सवारी ओहोरदोहोर

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका अनुसार सिद्धबाबा सडक हुँदै सानाठूला गरी दैनिक सात हजार सवारीसाधनहरू आउजाउ गर्ने गर्छन्। अरू क्षेत्रमा समस्या नभए पनि सिद्धबाबा सडक क्षेत्रमा दुर्घटनाको जोखिम दिनहुँ बढ्दो छ। बितेको तीन आर्थिक वर्षमा दुर्घटनामा परी १० जना यात्रुहरूको अकालमै ज्यान गएको थियो।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय प्रमुख एवं प्रहरी उपरीक्षक निशान थापाले सिद्धबाबा सुरुङमार्ग निर्माण पुरा भएपछि यस क्षेत्रको जोखिम न्यूनीकरणमा धेरै राहत पुग्ने सुनाए। 'यहाँ ट्राफिक व्यवस्थापनभन्दा पनि सडक सुरक्षाको धेरै चुनौती छ', उनले भने, 'माथिबाट ढुंगा खस्ने र पहिरो जाने गर्दा नागरिकहरूले अकालमै ज्यान गुमाउनु परेको छ। यस क्षेत्रमा सुरक्षाले जति बेला पनि सेवा दिइरहेका छन्।' उनका अनुसार व्यस्त सडकमध्ये यो पनि प्रमुख हो।

सिद्धबाबा सुरुङले आशा पलायो

निर्माणको अन्तिम चरणमा रहेको सिद्धबाबा सुरुङमार्गले नागरिकलाई आशा जगाएको बुटवलमा बस्दै आएका छत्रकोट गाउँपालिका-२ पल्लीकोट गुल्मीका युवा प्रकाश खनाललेे प्रतिक्रिया दिए। '२० वर्षदेखि म यही सडक भएर बुटवल गुल्मी आउजाउ गर्दै आएको छु', खनाललेे भने, 'धेरै वर्षपछि सुरुङमार्ग निर्माण पूरा हुँदैछ। धेरै खुसी लागेको छ।' उनले सहज सडक नहुँदा यो क्षेत्रमा धेरै कठिन हुने गरेको समेत अनुभव सुनाए। 'आँखैअगाडि धेरैले ज्यान गुमाएको देखियो। कतिपय चिनेका साथीहरूले पनि अकालमै ज्यान गुमाए', उनले भने, 'विपत्ति खबर गरेर आउँदैन, सडक सजिलो हुनेपर्छ।'

- अरू क्षेत्रमा समस्या नभए पनि सिद्धबाबा सडक क्षेत्रमा दुर्घटनाको जोखिम दिनहुँ बढ्दो छ।
- गएका तीन आर्थिक वर्षमा दुर्घटनामा परी १० जना यात्रुहरूको अकालमै ज्यान गएको थियो।


सुरुङको लम्बाइ कम भयो

बनेको सुरुङ धेरै राम्रो भए पनि त्यसको लम्बाइ कम भएको पश्चिम नेपाल बस व्यवसायी संघ रूपान्त्रित प्राली बुटवलका अध्यक्ष दधिराम खरेलले प्रतिक्रिया दिए। यो सडकमा पश्चिम नेपालका गाडीहरू पाँच/पाँच मिनेटको अन्तरमा गुड्छन्। 'त्रासमा गाडी चलाउने चालक र यात्रुलाई बन्दै गरेको सुरुङमार्गले आत्मबल बढाएको छ', उनले भने, 'तर, सुरुङको लम्बाइ थोरै भयो। सम्बन्धित निकायले यसतर्फ ख्याल गर्नुपर्दथ्यो भएन्। आगामी दिनमा यसतर्फ ध्यान दिनुपर्छ।'

यो सडक सवारीलाई मात्र नभएर पैदल यात्रीका लागि समेत त्रासको सडक हो। पश्चिम नेपाल देशकै सबैभन्दा धेरै व्यवसायीहरू भएको प्रालि हो। जहाँ २४ सय गाडीहरू छन्। सुरुमार्ग क्षेत्र बाहेक माथिल्लो र तल्लो सिद्धबाबा क्षेत्रको बुटवलतर्फ ९ सय ४ र पाल्पातर्फ १ हजार ४ सय ९४ मिटर सडकको समेत स्तरोन्नतिको काम भइरहेको छ। पहिरो खस्ने क्षेत्रमा सडकमाथि छत (रक सेड) बन्दैछ।

रूपन्देही– २ का तत्कालीन संघीय सांसद् एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलको निरन्तरको चासो र जोडबेलका कारण सिद्धबाबा सुरुङमार्ग निर्माणको काम अघि बढेको हो। व्यापारिक एवं औद्योगिक हिसाबले बुटवल, भैरहवा क्षेत्र लुम्बिनी प्रदेशको प्रमुख थलोको रूपमा रहेको छ। भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, ६/६ लेनको निर्माण सम्पन्न बुटवल नारायणगढ, बुटवल गोरुसिंगे सडकसहित सिद्धार्थ राजमार्ग यी क्षेत्रका मुहार बदल्ने योजना हुन्। सुरुङमार्ग निर्माणसँगै बुटवलमा सञ्च

सुनचाँदीको भाउ



छापावाल सुन : २,८३,२००
चाँदी : ४३१५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.३२	१५२.९२
युरो	१	१७५.२६	१७५.९५
पाउन्ड स्टर्लिङ	१	२०४.८९	२०५.६९
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

काँकडभिट्टा नाकाबाटै साढे २४ अर्बको पेट्रोलियम पदार्थ आयात

- गत आर्थिक वर्षमा १२ अर्ब १८ करोड ७ लाख ६४ हजार रुपैयाँबराबरको पेट्रोल आयात
- पेट्रोल आयातबाट ५ अर्ब ८५ करोड ३७ लाख र डिजेलबाट २ अर्ब ९३ करोड २२ लाख राजस्व संकलन
- गत चैत मसान्तसम्ममा १६ अर्ब ८१ करोड ३६ लाखको पेट्रोलियम पदार्थ आयात



अन्नपूर्ण | *भद्रपुर*

पूर्वीनाका काँकडभिट्टाबाट गत आर्थिक वर्ष २०८२/८३ मा २४ अर्ब ५० करोड ६७ लाख ४४ हजार रुपैयाँबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। पेट्रोल, डिजेल र 'लिक्विफाइड पेट्रोलियम ग्यास' (एलपीजी) गरी तीन प्रकारका पेट्रोलियम पदार्थ आयात भएको हो।

काँकडभिट्टा भन्सार कार्यालयका अनुसार १२ अर्ब १८ करोड ७ लाख ६४ हजार रुपैयाँबराबरको पेट्रोल आयात भएको छ। भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपानेले डिजेल ९ अर्ब ५५ करोड ४९ लाख ७ हजार र एलपीजी २ अर्ब ७७ करोड १० लाख ७३ हजार रुपैयाँबराबरको आयात भएको बताए।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा पेट्रोल ८ अर्ब ९२ करोड ८५ लाख २६ हजार र डिजेल ८ अर्ब ३ करोड ३२ लाख १९ हजार रुपैयाँबराबरको आयात भएको थियो।

पेट्रोलियम पदार्थ आयात गरी गत आवमा पेट्रोलबाट ५ अर्ब ८५ करोड ३७ लाख ५० हजार र डिजेलबाट २ अर्ब ९३ करोड २२ लाख ३९ हजार रुपैयाँ राजस्व संकलन भएको न्यौपानेले जानकारी दिए।

गत चैत मसान्तसम्म काँकडभिट्टाबाट १६ अर्ब ८१ करोड ३६ लाख ३० हजारको पेट्रोलियम पदार्थ आयात भएको थियो। पेट्रोल, डिजेल, एलपी ग्यास, एटीएफ, कोइलालगायत वस्तु आयात भएका थिए। पेट्रोलियम पदार्थ आयातबाट भन्सार कार्यालयका अनुसार त्यस अवधिमा ७ अर्ब ४४ करोड ७८ लाख १८ हजार राजस्व संकलन भएको थियो।

सीमावर्ती बजारमा ग्यासको कालोबजारी

हरि शर्मा | *परासी*

नवलपरासीका सीमावर्ती बजार क्षेत्रबाट भारततर्फ ग्यासको कालोबजारी हुने गरेको छ। नेपालका केही जिल्लामा ग्यासको अभाव भएको गुनासो आइरहेका बेला नवलपरासीको महेशपुर, पाल्ही्नन्दन, सरावल, प्रतापपुरलगायतका सीमावर्ती क्षेत्रका बजारबाट नेपाली ग्यास भारतीय उपभोक्ताालाई महँगो मूल्यमा बिक्री भइरहेको गुनासो आएको छ। नेपाली उपभोक्ता जाँदा 'ग्यास छैन' भन्ने तर भारतबाट आएका ग्राहकसँग बढी रकम लिएर ग्यास उपलब्ध गराउने गरेको महेशपुरका एक उपभोक्ताले बताए।

भारतीय बजारमा समयमै ग्यास उपलब्ध नहुने भएकाले सीमावर्ती नेपाली व्यवसायीहरूले बढी मूल्यमा बिक्री गर्ने गरेका हुन्। भारतीय नागरिकले खाली ग्यास सिलिन्डर नेपाल ल्याउने र त्यही सिलिन्डरमा नेपाली ग्यास पल्टी (खन्याएर) गरेर भारत लैजाने क्रम बढेको हो। केही समयअघिसम्म नेपालमा आधा सिलिन्डर ग्यासमात्रै पठाइने गरे पनि अहिले भनै पूरा सिलिन्डर नै भरेर पठाउने गरिएको छ। नेपालमा एक सिलिन्डर (फुल सिलिन्डर) को मूल्य २ हजार ६० रुपैयाँ छ। तर पल्टी गरेर भारत पठाउँदा व्यवसायीहरूले प्रतिसिलिन्डर ३४ सय रुपैयाँसम्म असुल्ने गरेको स्थानीयले सुनाए। आधा लैजान चाहनेसँग प्रतिकेजी २ सय ५० रुपैयाँका दरले ग्यास भरेर दिने गरेको पाइएको छ।



भारतीय सिलिन्डरमा पल्टी गरिँदै। ● हरि शर्मा

भारतमा आधारकार्ड (परिचयपत्र)का आधारमा प्रतिपरिवारलाई प्रतिमहिना एक सिलिन्डरमात्रै ग्यास दिने व्यवस्था छ। उक्त सिलिन्डरले अपुग भएपछि सीमावर्ती भारतीय नागरिकहरू नेपालमा आएर ग्यास लैजाने गर्छन्।

यसैबीच नेपालबाट भारततर्फ ग्यासको कालोबजारी भएको गुनासो आएपछि सीमावर्ती क्षेत्रमा निगरानी बढाएर त्यसलाई तत्काल रोक्न सशस्त्र प्रहरीलाई निर्देशन दिइएको नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाललले बताए।

उनले बजारमा आउने एक कम्पनीको ग्यास केही कम देखिए पनि अन्य कम्पनीका ग्यास भने पर्याप्त मात्रामा उपलब्ध रहेकाले अभाव नरहेको बताए। कुनै पनि व्यवसायीले कृत्रिम अभाव सिर्जना गर्ने र भारततर्फ अवैध रूपमा ग्यासको कालोबजारी गरेको पाइएमा कानुनअनुसार कारबाही हुने प्रमुख जिल्ला अधिकारी नेपालको भनाइ छ।

कार्यालयको तथ्यांकमा ८३ हजार ४ सय ४८ किलोलिटर पेट्रोल आयात भएको उल्लेख छ। त्यसैगरी, ५ अर्ब ८७ करोड १८ लाख रुपैयाँबराबरको ५५ हजार २४ किलोलिटर डिजेल आयात भएको थियो।

त्यसैगरी, १९ हजार १ सय ३७ टन एलपी ग्यास, ५ हजार ९ सय ८८ किलोलिटर एटीएफ र ३४ हजार ५ सय २४ टन कोइला आयात भएको थियो।

बाँझो जमिनको उपभोग कार्यान्वयनमा आउँदै भूमि बैंक

मिना राई | *काठमाडौं*

सरकारले भूमि बैंक कार्यान्वयनमा ल्याउने भएको छ। बाँझो जमिन उपभोग गर्ने उद्देश्यका साथ भूमि बैंक कार्यान्वयन ल्याउन लागिएको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले जानकारी दिए।

उनका अनुसार मन्त्रालयले भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ को आधारमा भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३' जारी गरेर भूमि बैंकलाई कार्यान्वयनमा ल्याउन लागेको छ।

पहिलो चरणमा दुई स्थानीय तहबाट कार्यान्वयनको थालनी हुने भएको छ। बैतडीको पञ्चेश्वर नगरपालिका र तनहुँको भानु नगरपालिकाले प्रक्रिया थालेका छन्। दुई वा दुईभन्दा बढी स्थानीय तह मिलेर पनि भूमि बैंक सञ्चालनमा ल्याउन सक्ने कार्यविधिमा उल्लेख छ। भूमि बैंकको अवधारणाबारे जानकारी दिँदै सहसचिव भट्टले भने, 'उपयोगविहीन निजी बाँझो जग्गालाई कृषि उत्पादनमा ल्याउने उद्देश्यले स्थानीय तहको माध्यमबाट जग्गा दिने र लिने दुवै पक्षबीच औपचारिक लिज सम्झौताको व्यवस्था गरिएको हो। सरकारले जारी गरेको भू-उपयोग नियमावलीमार्फत लिजको ग्यारेन्टी गरिनेछ। यसले भूमि अतिक्रमण हुनबाट रोक्नुका साथै जग्गाविहीन किसानलाई प्राथमिकतामा राखेर खेती गर्ने अवसर प्रदान गर्छ।'

उनका अनुसार निजी जग्गा किनबेच तथा अनौपचारिक लिज कारोबारप्रति जनमानसको विश्वास घट्दै गएको, मोही हक लाग्ने डर र गाउँघरमा जनशक्तिको अभावका कारण ठूलो परिमाणमा जमिन बाँझो रहँदै आएको छ। यस्ता समस्या समाधान गर्न भूमि बैंकको अवधारणा अघि सारिएको उनले बताए। उनले भने, 'भू-उपयोग नियमावलीको मूल उद्देश्य बाँझो निजी जग्गालाई कृषि प्रयोजनमा ल्याउनु हो।' जसले आफ्नो बाँझो जग्गा उपलब्ध गराउन चाहन्छ, उसले स्थानीय तहमा निवेदन दिनुपर्छ।



- बैतडीको पञ्चेश्वर नगरपालिका र तनहुँको भानु नगरपालिकाबाट भूमि बैंक कार्यान्वयनको थालनी हुँदै
- भूमि बैंकबाट भूमि अतिक्रमण हुनबाट रोक्नुका साथै जग्गाविहीन किसानलाई खेती गर्ने अवसर

जग्गा लिने र दिने दुवैले स्थानीय तहसँग सहमतिपत्र तथा सम्झौता गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले तोकेको प्राथमिकता सूचीअनुसार निवेदन दिन सकिनेछ। छनोट भएपछि निश्चित शुल्क, समयावधि र सर्त तोकी सम्झौता गरिनेछ। यस प्रक्रियामा स्थानीय तहले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेछ।'

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले भूमि बैंकसम्बन्धी ऐन र नियमावलीमा भविष्यमा देखिन सक्ने जोखिमप्रति सरकार गम्भीर हुनुपर्ने बताए। उनले भने, 'नेपालको जमिनको स्वामित्व र उपभोग नेपाली लगानीकर्तालेमात्र लिजमा लिन पाउने व्यवस्था स्पष्ट हुनुपर्छ। अन्यथा भविष्यमा कुनै संस्था वा विदेशी लगानीकर्तालेउच्च मूल्यका भूमि कब्जा जमाउने जोखिम रहन्छ। ठूलो मात्रामा उत्पादन गर्ने पक्षले बजारको मूल्यसमेत नियन्त्रण गर्न सक्ने अवस्था आउन सक्छ। यसतर्फ सरकारको पर्याप्त दूरदृष्टि देखिएको छैन।'

श्रेष्ठले किसानले आफ्नो जग्गा भूमि बैंकमार्फत लिजमा दिएपछि अंशबन्डा वा स्वामित्व हस्तान्तरणका क्रममा जटिलता आउन सक्ने आशंका पनि व्यक्त गरेका छन्। उनले भने, 'सम्झौताको अवधि नसकिँदासम्म आपत्कालीन अवस्थामा पनि जग्गा फिर्ता लिन कठिन हुन सक्छ। त्यसैले पहिलो प्राथमिकता किसानमैत्री भूमि बैंक निर्माणमा हुनुपर्छ। अन्यथा साना किसानको अस्तित्व र स्वामित्व नै जोखिममा पर्न सक्छ। सरकारको दृष्टिमा आम्दानी बढ्नु सकारात्मक पक्ष भए पनि यस विषयमा अहिले नै सबै सरोकारवाला निकाय र साना किसानसँग व्यापक छलफल गर्न आवश्यक छ। अन्यथा भविष्यमा जटिल समस्या उत्पन्न हुन सक्छ।'

आईएमई लाइफको 'बिजनेस एक्सिलेन्स अवार्ड नाइट'

काठमाडौं (अन्नपूर्ण) : आईएमई लाइफ इन्स्योरेन्स कम्पनीको 'आईएमई लाइफ बिजनेस एक्सिलेन्स अवार्ड नाइट, २०२६' सम्पन्न भएको छ।



कम्पनीका अभिकर्ताहरूको सम्मान र ऊर्जाका साथ काम गर्नका लागि सबै अभिकर्तालाई प्रेरित गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको जनाइएको छ। कम्पनीले अभिकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने, उत्प्रेरणा जगाउने र हौसला प्रदान गर्ने उद्देश्यले यस्ता कार्यक्रमहरूको आयोजना नियमित रूपमा गर्ने गर्दछ। उक्त कार्यक्रममा ३ सय ५० भन्दा बढी अभिकर्ताको उपस्थिति रहेको थियो। अवार्ड वितरण कार्यक्रममा आईएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल कम्पनीका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरू, कम्पनीको उच्च व्यवस्थापन र अन्य सदस्यहरूको उपस्थिति थियो। कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले कम्पनीको प्रगतिमा अभिकर्ता मेहनत र प्रविधिको प्रयोग मुख्य रहेको र अभिकर्ताको मेहनतलाई साथ दिन कम्पनीलाई आगामी दिनहरूमा उच्चतम प्रविधिको प्रयोग गर्ने दायित्व रहेको बताए।

आईएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले पछिल्ला आठ वर्षको अवधिमा कम्पनीले उत्साहजनक गति लिएको उल्लेख गरे। कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालले यस पेसालाई सम्मानित बनाउन हरेक बिमा अभिकर्ताले बिमा परामर्शदाताको भूमिकामा आउनुपर्ने बताए।

प्रभु महालक्ष्मी लाइफको 'ब्रान्च म्यानेजर कन्फ्रेन्स'

काठमाडौं (अन्नपूर्ण) : प्रभु महालक्ष्मी लाइफको 'ब्रान्च म्यानेजर कन्फ्रेन्स' सम्पन्न भएको छ। कार्यक्रम चितवनमा चार दिनसम्म चलेको थियो।



कार्यक्रममा आर्थिक वर्ष २०८२/८३ को समीक्षा, नयाँ आर्थिक वर्ष २०८३/८४ रणनीति, आर्थिक वर्ष २०८२/८३ मा उत्कृष्ट कार्य गर्ने कर्मचारी, शाखा, शाखा प्रमुख, प्रदेश प्रमुखलाई सम्मान र पावर अफ माइन्ड सेट फर विजनेस ग्रोथको तालिम भएको थियो।

इन्स्यारेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले कार्यक्रमको उद्घाटन गरेका थिए। उनले आर्थिक वर्ष २०८२/८३ मा गरेको व्यवसाय अघिल्लो आर्थिक वर्षभन्दा राम्रो बृद्धिदर भएको जानकारी दिए। आगामी आर्थिक वर्षको व्यावसायिक रणनीतिका बारेमा प्रस्ट पार्दै ढुक्कले अघि बढ्न उनले हौसला प्रदान गरे।

कम्पनीका व्यवस्थापन, प्रदेश प्रमुखहरू, शाखा प्रमुखहरू, सेल्स एक्जुकेटिभ गरी करिब दुई सय जनाको कार्यक्रममा उपस्थिति रहेको थियो।

आर्थिक वर्ष २०८२/८३ उत्कृष्ट कार्य गर्ने प्रदेश प्रमुख, शाखा प्रमुख, सेल्स एक्जुकेटिभलगायतलाई विशेष सम्मान गरिएको थियो।

डिजिटल शिक्षा पहलको दीर्घकालीन प्रभाव अवलोकन

बागलुङ (अन्नपूर्ण) : नेपाल इन्टरनेट फाउन्डेसन (एनआईएफ)ले बागलुङमा सञ्चालित 'डिजिटल विभाजन न्यूनीकरण : सूचना तथा सञ्चार प्रविधिमार्फत ग्रामीण विद्यालयहरूको सबलीकरण' नामको परियोजनाको प्रभाव अवलोकन गरेको छ।



बागलुङको काठेखोला गाउँपालिका-२, भीमापोखराका दुई ग्रामीण विद्यालयमा गत डिसेम्बर २०२४ देखि एपीआईएनआईसी फाउन्डेसनको उदार सहयोगमा डिजिटल शिक्षा सञ्चालन भइरहेको छ। नेपालको पहाडी भूभागका यी विद्यालयले विषम भूगोल र भौगोलिक एकान्तबासका कारण परम्परागत रूपमा गुणस्तरीय शैक्षिक सामग्री र डिजिटल पूर्वाधारमा पहुँच सीमित रहेका समुदायहरूलाई सेवा पुऱ्याइरहेका छन्। यस्ता चुनौतीपूर्ण परिस्थितिहरूले गर्दा भरपर्दो इन्टरनेट जडान र सूचना प्रविधिमा आधारित सिकाइ सुविधाहरूको उपलब्धता विद्यार्थी, शिक्षक र समग्र समुदायका लागि विशेष रूपमा महत्त्वपूर्ण बनेको छ। यस पहलबाट हाल जनप्रिय आधारभूत विद्यालय र भीमदरबार आधारभूत विद्यालयका एक सय विद्यार्थी र १९ शिक्षक लाभान्वित भइरहेका छन्।

कक्षाकोठामा आधारित सिकाइलाई सहयोग गर्नुका साथै परियोजनाले बाह्य वायरलेस एक्सेस पोइन्टहरूमार्फत इन्टरनेट पहुँचलाई विद्यालयबाहिर पनि विस्तार गरेको छ। यसले स्थानीय समुदायका सदस्यहरूलाई डिजिटल स्रोत र अनलाइन सेवाहरूमा पहुँच पुगेको छ।





सार्वजनिक सूचना !!

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८ (२०) को उपदफा २ अनुसार यस इन्टरनेशनल स्कुल अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी काठमाडौं प्रा.लि. (The London College) ले QAA/ Accreditation प्राप्त University of West of Scotland को सम्बन्धनमा BSc (Hons) Computer Networking कार्यक्रम सञ्चालन गरी रहेकोमा उक्त कार्यक्रम परिवर्तन गरी निर्देशिकामा भएको व्यवस्था बमोजिम University of West of Scotland कै BEng (Hons) Cyber Security कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरिने भएकोले यसमा कोही कसैको दाबी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा ईन्टरनेशनल स्कूल अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी काठमाडौं प्रा.लि.वा info@ismt.edu.np मा उजुरी तथा दाबी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अन्नपूर्ण विज्ञापन पाटी





अन्नपूर्ण
annapurnapost.com
८

रंगशाला



‘नेपालको नाम नदेख्दा खिन्न भयौं’

नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले साफ च्याम्पियनसिपमा नेपालको नाम नदेख्दा खिन्न भएको जनाएका छन्। बंगलादेशमा नोभेम्बरमा हुन लागेको च्याम्पियनसिपमा नेपाल समावेश नभएपछि उनले सो कुरा बताएका हुन्।



रोनाल्डो किन फर्किएनन् अल नासर ?

आर्थिक संकटको छायामा क्लब, अनिश्चित बन्दै पोर्चुगिज स्टारको भविष्य





एजेन्सी | *रियाद*

क्रिस्टियानो रोनाल्डो र अल नासरबीचको सम्बन्ध फेरि एकपटक चर्चाको शिखरमा छ। साउदी अरेबियाको सबैभन्दा ठूलो नामका रूपमा स्थापित क्लबमा पोर्चुगिज स्टार रोनाल्डो फर्किने विषयले अहिले चर्चा बटुलेको हो। उनको अनुपस्थितिको वास्तविक कारणबारे अल नासर र रोनाल्डो स्वयम्ले स्पष्ट धारणा सार्वजनिक नगरे पनि क्लबको आर्थिक संकट, खेलाडी सरुवामा देखिएको अवरोध र व्यवस्थापनसँग जोडिएका असन्तुष्टिका कारण यो विषय थप पेचिलो बनेको हो।

पछिल्ला रिपोर्टअनुसार अल नासरमाथि ८० करोड साउदी रियालभन्दा बढी ऋणको बोझ छ। यही आर्थिक दबाबका कारण क्लबको नयाँ खेलाडी दर्ता र सरुवामा समस्या देखिएको र व्यवस्थापनमाथि थप कडा वित्तीय नियन्त्रणको अवस्था सिर्जना भएको बताइएको छ। केही रिपोर्टले खेलाडीको तलब भुक्तानीमासमेत ढिलाइ भएको दाबी गरेका छन्।

यही पृष्ठभूमिमा रोनाल्डो किन अल नासरको तयारीमा फर्किएनन् भन्ने प्रश्न पनि जोडतोडले उठेको छ। यसको स्पष्ट उत्तर अहिलेसम्म सार्वजनिक गरिएको छैन। तर, घटनाक्रमलाई हेर्दा यी कारण उनी साउदी फर्किन आनाकानी गरिरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्। ती हुन्, क्लबको खेलकुद परियोजनाप्रतिको असन्तुष्टि, व्यवस्थापनसँगको सम्बन्धमा आएको तनाव र क्लबको वित्तीय अवस्थाप्रतिको चिन्ता।

रोनाल्डो अल नासरमा केवल एक खेलाडी मात्रै होइनन्। उनी क्लबको सबैभन्दा ठूलो ब्रान्ड र परियोजनाको केन्द्रबिन्दु हुन्। उनको आगमनपछि साउदी प्रो लिगले विश्वव्यापी चर्चा बटुलेको थियो। करिम बेन्जमा, नेमार, सादियो मानेजस्ता ठूला स्टार साउदी फुटबलमा आकर्षित भएका थिए।

रोनाल्डोले विगतमा पनि क्लबको खेलकुद परियोजना बलियो बनाउन स्तरीय खेलाडी आवश्यक रहेको बताउँदै आएका थिए। जनवरीको सरुवा बजारमा क्लबले अपेक्षित खेलाडी भित्र्याउन नसकेको विषयलाई लिएर उनी असन्तुष्ट रहेको जनाइएको थियो। यसअघि पनि उनको अनुपस्थितिलाई क्लबको सरुवा गतिविधिप्रतिको असन्तुष्टिसँग जोडिएको थियो।

अल नासरले उनको चाहनाअनुसार टोली बलियो बनाउन नसकेको हो भने रोनाल्डोको अनुपस्थिति त्यसैको निरन्तरता रहेको जनाइएको छ।

अल नासर आर्थिक संकटमा परेको चर्चा अहिले सबैभन्दा ठूलो विषय बनेको छ। केही अन्तर्राष्ट्रिय रिपोर्टअनुसार क्लबको ऋण ८० करोड साउदी रियालभन्दा माथि पुगेको छ। ऋणको बोझले क्लबको दैनिक सञ्चालनदेखि खेलाडी अनुबन्ध र नयाँ सिजनको तयारीसम्म प्रभावित बनेको बताइएको छ। क्लबको आर्थिक संकटका कारण खेलाडीको तलब भुक्तानीमा ढिलाइ भएको र नयाँ खेलाडी अनुबन्ध प्रक्रिया रोकिएको दाबीसमेत गरिएको छ। क्लबको आर्थिक अवस्था कमजोर हुँदा त्यसको पहिलो असर खेलाडीको मनोबल, नयाँ अनुबन्ध र टोलीको क्षमतामा परेको प्रतिस्पर्धात्मक जनाइएको छ।

अल नासरको आर्थिक हुँदा रूपमा नाम रोनाल्डो को जोडिएर आउँछ। विश्व फुटबलकै सबैभन्दा महँगा खेलाडीमध्ये एक रहेका रोनाल्डो को पारिश्रमिक र उनीसँग जोडिएका अन्य आर्थिक दायित्व क्लबका लागि ठूलो आर्थिक दायित्व रहेको जनाइएको छ। त्यसैले क्लबको वित्तीय समस्या समाधान गर्न रोनाल्डोलाई बिदा गर्ने विकल्पबारे पनि बहस सुरु भएको केही अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्।

तर, उनको आगमनपछि क्लबको अन्तर्राष्ट्रिय ब्रान्ड मूल्य, विश्वव्यापी चर्चा, प्रायोजन र व्यावसायिक सम्भावना बढेकाले रोनाल्डोलाई दोष लगाउने ठाउँ नरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्। रोनाल्डोको उपस्थितिसँगै क्लबको आम्दानी बढे पनि उनको सम्झौतासँग जोडिएको ठूलो खर्चले वित्तीय दबाब पनि बढाएको जनाइएको छ। त्यसैले क्लबले रोनाल्डोलाई निरन्तरता दिने कि बिदा गर्ने भन्ने विषय मूल मुद्दा रहेको जनाइएको छ।

त्यसैले रोनाल्डो साउदी किन फर्किएनन् भन्ने मात्र होइन, अल नासरले रोनाल्डोलाई केन्द्रमा राखेर सुरु गरेको महँगो फुटबल परियोजनालाई निरन्तरता दिन सक्छ ? भन्ने प्रश्न पनि महत्वपूर्ण रहेको जनाइएको छ। त्यसैले क्लबको आर्थिक संकट गहिरिँदै गयो भने रोनाल्डोको भविष्य मात्र होइन, साउदी फुटबलको ‘स्टार प्रोजेक्ट’ नै संकटमा पर्न सक्ने पनि अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्।

इन्टर मायामी कोलम्बससँग बराबरीमा



एजेन्सी | *मायामी*

विश्वकपपछि क्लब फुटबलमा फर्किएका अर्जेन्टिनी सुपरस्टार लियोनल मेसी मैदानमा उत्रिए पनि इन्टर मायामीले मेजर लिग सकर (एमएलएस) मा कोलम्बस क्रुसँग बराबरीमा चित्त बुझाउनुपरेको छ। शनिबार राति भएको रोमाञ्चक खेलमा इन्टर मायामी र कोलम्बसले २-२ गोलको बराबरी खेलेका हुन्।

विश्वकप २०२६ पछि पहिलोपटक एमएलएस खेलमा फर्किएका मेसी दोस्रो हाफमा मैदान प्रवेश गरेका थिए। उनले खेलको सुरुवात बेन्चबाट गरेका थिए। इन्टर मायामीले अग्रता बनाएको अवस्थामा दोस्रो हाफमा मैदान प्रवेश गरेका मेसीले टोलीलाई जित दिलाउन सकेनन्। खेलको अन्तिम समयमा कोलम्बसले गोल फर्काएपछि घरेलु टोलीको जितको आशा अधुरै रहेको थियो।

खेलमा इन्टर मायामीले सुरुवातदेखि नै आक्रामक फुटबल प्रस्तुत गरेको थियो। लुइस स्वारेजले १६औं मिनेटमा गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएका थिए। तर, ३४औं मिनेटमा इन्टर मायामीका कासेमिरोबाट भएको आत्मघाती गोलपछि कोलम्बस खेलमा फर्किएको थियो। पहिलो हाफको इन्जुरी समयमा नोआ एलनले गोल गर्दै इन्टर मायामीलाई २-१ को अग्रता दिलाएका थिए। त्यसपछि दोस्रो हाफमा मेसी मैदान प्रवेश गरेपछि इन्टर मायामीका समर्थकमा उत्साह थपिएको थियो। विश्वकपपछि क्लबमा फर्किएका मेसीबाट निर्णायक प्रदर्शनको अपेक्षा गरिएको थियो। तर, कोलम्बसले अन्तिमसम्म हार मानेन। खेलको ८४औं मिनेटमा ब्राइस मेन्डेजले गोल गर्दै कोलम्बसलाई २-२ को बराबरीमा पुऱ्याएका थिए। त्यसपछि दुवै टोलीले निर्णायक गोलका लागि प्रयास गरे पनि थप गोल हुन सकेन र खेल बराबरीमा सकियो। मेसीको पुनरागमन भने खेलको सबैभन्दा चर्चित पक्ष बन्यो। विश्वकप फाइनलपछि अनिवार्य विश्राममा रहेका मेसीले इन्टर मायामीको प्रशिक्षणमा फर्किएपछि पहिलोपटक प्रतिस्पर्धात्मक खेल खेलेका हुन्। उनको मैदानमा पुनरागमनसँगै इन्टर मायामीको आगामी खेलमा उनको भूमिकालाई लिएर पनि चासो बढेको छ।

इन्टर मायामीका लागि दुई गोलको अग्रता जोगाउन नसक्नु भने निराशाजनक रह्यो। घरेलु मैदानमा जितको नजिक पुगेको टोलीले अन्तिम १० मिनेटमा कोलम्बसको दबाब थेग्न नसक्दा महत्वपूर्ण दुई अंक गुमाएको थियो। कोलम्बसका लागि भने कठिन अवस्थामा खेलमा फर्किएर अंक खोस्नु महत्वपूर्ण उपलब्धि बन्यो। मेसीको पुनरागमनले इन्टर मायामीको आक्रमणमा थप धार आउने अपेक्षा गरिएको छ। तर, कोलम्बससँगको खेलले टोलीले अग्रता जोगाउने र अन्तिम समयसम्म एकाग्रता कायम राख्न अझै सुधार गर्नुपर्ने देखाएको छ।

बौद्ध स्कुलमा एन्टीडोपिङ सचेतना कार्यक्रम

अन्नपूर्ण | *काठमाडौं*



काठमाडौंको बौद्ध इन्टरनेसनल स्कुलले एन्टीडोपिङ सचेतना कार्यक्रम आयोजना गरेको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)सँगको समन्वयमा आयोजना गरिएको कार्यक्रममा विद्यालयका ५० जना विद्यार्थीको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा प्रतिबन्धित औषधिको प्रयोग, त्यसका असर तथा स्वच्छ, सुरक्षित र अनुशासित खेलकुदको महत्वबारे विद्यार्थीलाई जानकारी गराइएको थियो।

कार्यक्रममा डा. ज्ञानेन्द्रविक्रम शाहले विद्यार्थी खेलाडीलाई एन्टी डोपिङका विभिन्न पक्षबारे जानकारी गराउँदै स्वच्छ खेलकुदको महत्वबारे प्रशिक्षण दिएका थिए। उनले खेलाडीले खेल जीवनको सुरुवाती चरणदेखि नै प्रतिबन्धित पदार्थ र विधिबारे जानकारी राख्नुपर्ने तथा खेलकुदमा इमानदारी, अनुशासन र निष्पक्षतालाई आत्मसाथ गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका कार्यकारी सचिव सुजनलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो। उनले युवा खेलाडीमा एन्टी डोपिङसम्बन्धी शिक्षा र सचेतना विस्तार गर्न तथा नेपालमा स्वच्छ खेलकुदको संस्कार विकास गर्न ओलम्पिक कमिटी प्रतिबद्ध रहेको बताएका थिए।

ओम र खुसीलाई रजत

अन्नपूर्ण | *काठमाडौं*



नेपालका ओम भण्डारी र खुसी जोशीले नवौं हिरोज इन्टरनेसनल तेक्वान्दो च्याम्पियनसिपमा रजत पदक जितेका छन्। थाइल्यान्डको पटायामा भएको च्याम्पियनसिपमा ओमले ग्योरोगीको ८० केजीमुनिको तौल समूहमा रजत पदक जितेका हुन्। यस्तै खुसीले महिला १७ वर्षमुनिको एकल पुम्सेमा रजत पदक जितेकी थिइन्। उनले ग्योरोगीको महिला ४४ केजीमुनिको तौल समूहमा भने कांस्य पदक जितिन्। यस्तै सुविन सापकोटाले ग्योरोगीको ६८ केजीमुनिको तौल समूहमा कांस्य पदक जित्न सफल भए। तीनै जना सीतापाइला तेक्वान्दो डोजाङका खेलाडी हुन्। नेपाली टोलीको व्यवस्थापकमा प्रल्हाद थापा रहेका थिए।

च्याम्पियनसिपमा सीतापाइला तेक्वान्दो डोजाङका प्रमुख अन्तर्राष्ट्रिय रेफ्री बब्लु सिवाकोटीले निर्णायकको भूमिका निर्वाह गरेका थिए। बब्लुले यसअघि भियतनाममा आयोजना भएको दोस्रो जेभी भियतनाम ओपन तेक्वान्दो च्याम्पियनसिप (जी-वान) मा पनि निर्णायकको भूमिका निर्वाह गरेका थिए।

बब्लुले केही समयअघि अस्ट्रेलियाका विभिन्न प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेका थिए। उनले विश्व तेक्वान्दोको वरीयता प्राप्त ओसियना ओपन पारा तेक्वान्दो च्याम्पियनसिप (जी-फोर), डब्लुटीए प्रेसिडेन्ट कप (जी-थ्री), अस्ट्रेलियन ओपन (जी-टु) र गोल्डकोस्ट ओपन तेक्वान्दो च्याम्पियनसिप (जी-टु) मा निर्णायकको भूमिका निर्वाह गरेका थिए।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**